# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ११ पूर्णाङ्क १०९ | २०७५ भदौ ११ गते सोमबार | Monday, Aug. 27, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## पाँच महिला संगठनहरूद्वारा प्रकाण्डको रिहाइको माग

काठमाडौं । पाँच महिला संगठनहरूले मौलिक हक रक्षाको माग गर्दै एक विज्ञप्ति मार्फत् नेकपाका प्रवक्ता खड्कबहादुर विश्वकर्माको तुरन्त रिहाइको माग गरेका छन् । विज्ञप्तिमा जनाइए अनुसार सरकार दुईतिहाइको दम्भले फुलेर मौलिक हकअधिकारको संरक्षण तथा संवर्द्धन भन्दा पनि राजनीतिक एकाधिकार लाद्न लागिपरेको जनाइएको छ ।

सरकारको यो कदमलाई दुस्पयासको संज्ञा दिंदै सरकार बाहिर रहेका पार्टीका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई गिरफ्तार गर्ने, हिरासतमा राख्ने, क्रुर यातना दिने र आत्मसमर्पण गर्न लगाउने गरी मच्चाइरहेको राज्यआतंक बन्द गर्न चेतावनी समेत् दिइएको छ ।

पाँच महिला संगठन तथा हस्ताक्षरकर्ता नेतृहरूमा अखिल नेपाल महिला संघकी अध्यक्ष मिना पुन, अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की सहसचिव रूपा गेलाल, अखिल नेपाल महिला ...बाँकी ६ पेजमा

# निर्मला पन्त बलात्कार-हत्या प्रकरणमा तानियो गृह




● वर्गदृष्टि संवाददाता

काठमाडौं । बलात्कार गरी हत्या गरिएकी १३ बर्षीया बालिका निर्मला पन्तका हत्याराहरूमाथि कडा कारबाहीको चौतर्फी रूपमा माग र दबाब बढेर गएको छ । ओली नेतृत्वको सरकारको गृह प्रशासनले हत्याको एक महिना वितिसक्दा पनि निर्मलाका बास्तविक हत्यारालाई पक्राउ गरी सार्वजनिक गरेको छैन । बरु वास्तविक हत्याराहरूलाई बचाउने गरी प्रहरी प्रशासनले एक मानसिक रोगीलाई हत्याराको रूपमा सार्वजनिक गरेपछि ओली सरकारको गृह प्रशासनका विरुद्ध जनआक्रोश र अविश्वास आकासिन पुगेको छ । वास्तविक हत्यारालाई सार्वजनिक गरी कडा कारबाहीको माग गर्दै ओली सरकारका विरुद्ध स्थानीयले गरेको स्वतःस्फूर्त प्रदर्शनमाथि राज्यले निर्ममतापूर्वक दमन गरेर पञ्चायती कालरात्रीको स्मरण गराएको छ र १७ बर्षिय किशोर सुन्नु खुन्नाको गोली हानी हत्या गरेर सरकारले आफ्नो फासिवादी चेहेरा उदाङ्गो पारेको छ । यसबाट अझ आक्रोशित बनेका स्थानीय जनताको आन्दोलनको दबाब थेग्न नसकी २४ घण्टे र अनिश्चितकालीन कर्फ्यु आदेश समेत जारी गर्न पुगेको छ । कञ्चनपुरको भीमदत्तनगरमा आइतबार पुनः कर्फ्यु लगाइएको छ । भीमदत्त नगरपालिका-४, ६ र १८ वडाका विभिन्न स्थान तोकेर आइतबार बिहान १० बजेपछि पुनः कर्फ्यु लगाइएको छ ।

## हत्यारालाई कडा कारबाही गर्न क्रान्तिकारी माओवादी र देजमोको जोडदार माग

काठमाडौं । कञ्चनपुरमा बलात्कारपछि हत्या गरिएकी १३ वर्षीया अबोध बालिका निर्मला पन्तको हत्यारालाई पत्तालगाई कडा कारबाही गर्न नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले जोड्दार माग गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले जारी गरेको वक्तव्यमा भनिएको छ- 'कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका अन्तर्गत १३ वर्षकी बालिका निर्मला पन्तको बलात्कार र हत्या प्रकरणका दोषीलाई सार्वजनिक गरी कडा कारबाही गर्नका लागि आन्दोलन चल्दै आएको छ । यसै आन्दोलनको क्रममा सोही नगरपालिकाभित्र यही भाद्र ८ गते आन्दोलनकारीहरूमाथि प्रहरीद्वारा चलाइएको गोली लागि १७ वर्षीय किशोर सुन्नु खुनाको हत्या भएको समाचार आएको छ । हाम्रो पार्टी यसरी असंयमित भई आन्दोलनकारीहरूमाथि गोली चलाई किशोर सन्नु खुनाको निर्मम हत्या गरिएकोमा सरकारको तीव्र भर्त्सना' गर्दछ ।

सत्यतथ्यको खोजी र तदनुरूप दोषीमाथि कारवाहीको माग गर्दै सरकारको स्थानीय निकायमा पुगेका सर्वसाधरण जनतामाथि गोली दागिनु र हत्या गरिनु अमानवीय तथा क्रुर कार्य भएको भन्दै 'मृतकको क्षतिपूर्ति तथा घाइतेहरूको स्वास्थ्योपचार र आन्दोलनकारीहरूले उठाएका जायज मागहरूको सम्बोधनका लागि सरकारसित विशेष आग्रह' समेत गरिएको छ ।

स्थानीय जनताको आन्दोलन बाहिर टीकाटिप्पणी भए झैं घुसपैठका ...बाँकी ६ पेजमा

जनताको आक्रोशपूर्ण प्रदर्शन, नेकपा (क्रान्तिकारी माओवादी) देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललगायतका विभिन्न राजनीतिक पार्टीको माग र निर्मला पन्तलाई न्याय देऊ भन्दै देशैभर गरिएको प्रदर्शनले सरकारलाई ठूलै दबाब सिर्जना भएको छ ।

**एसपी विष्ट निलम्बित, छानबिनको दायरा खुल्दै**

कञ्चनपुर घटनामा प्रत्यक्ष जोडिएका तात्कालिन एसपी डिल्लीराज बिष्टलाई गृह मन्त्रालयले निलम्बन गरेको छ । गृहले तत्कालिन डीएसपी ज्ञानबहादुर क्षेत्री र मुद्दाफाँटका अर्का प्रहरी अधिकारीलाई पनि छानबिनका लागि काठमाडौं झिकाएको छ । ...बाँकी ६ पेजमा

## अब राजीनामा बादलको ?



काठमाडौं । कञ्चनपुरको बलात्कारपछि हत्या भएकी निर्मला पन्तको घटनाको रहस्य खुल्न एक महिना लाग्यो । रोशनी र बबिता नाम गरेका दुई बमचेलीहरू छानबिनको दायरामा ल्याइएपछि अब सत्यतथ्य र वास्तविक छानबिनको ढोका खुलेको छ । अब एसूपी साप् बिष्ट ...बाँकी ४ पेजमा

## 'कारबाहीको माग गर्दै अखिल (क्रान्तिकारी)को प्रदर्शन

सुर्खेत । कञ्चनपुर घटनाको सत्यतथ्य बेलैमा बाहिर ल्याउन शंकाको घेरामा रहेका भीआईपीहरूलाई बर्खास्त गरी कारबाहीको बाटो फुकुवा गर्न माग गर्दै अखिल क्रान्तिकारीले मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा एक विरोध र्‍यालीसहित कोणसभा भव्य रूपमा सम्पन्न गरेको छ । क्रान्तिकारीले सत्यतथ्य बेलैमा नल्याइए यसले देशभर आगो सल्काउने कुरा पनि निर्विवाद रहेको बताएको छ ।

प्रमुख अतिथि सीपी शर्माले कञ्चनपुर घटनाले नाटकीय मोड लिएको भन्दै यस आपराधिक घटनामा ...बाँकी ६ पेजमा

## 'श्वेत आतङ्क बढ्दै गए देश गृहयुद्धमा धकेलिने छ'



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सी.पी. गजुरेल 'गौरव'ले प्रहरीहरूलाई वर्तमान गणतन्त्रको समय भएकाले प्रहरीहरूलाई विवेक प्रयोग गर्न सुझाव दिएका छन् । सरकाले बढाएको महंगी, चर्को कर तथा महिलामाथि भइरहेको हिंसाको विरोधमा मंगलवार दिउँसो रत्नपार्कस्थित शान्तिबाटिकामा राखिएको विरोध प्रदर्शन र्‍यालीमा प्रहरीहस्क्षेपभएपछिईन्द्रचोकमाभएको कोणसभालाई ...बाँकी ६ पेजमा

## संयुक्त महिला संघर्ष समितिको विरोधसभा भव्य रूपमा सम्पन्न

काठमाडौं । बढ्दो महंगी, भ्रष्टाचार, अस्वाभाविक कर वृद्धिको विरुद्धमा संयुक्त महिला संघर्ष समितिद्वारा शुक्रबार कामाडौंको ईन्द्रचोकमा एक विरोध कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको छ । समसामयिक विषयहरूलाई लिएर संयुक्त रूपमा आयोजना गरिएको उक्त विरोध र्‍याली सुन्धारा, न्युरोडहुँदै इन्द्रचोकमा पुगेर कोण सभामा परिणत भएको थियो ।

ईन्द्रचोकमा विरोध र्‍याली पुगेपछि स्थानीय जनताको समेत् सहभागिता थपिएपछि गरिएको भव्य कोणसभामा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को तर्फबाट बोल्दै शारदा महतले देशमा वाम र कम्युनिष्ट नामको सरकार रहेको वर्तमान अवस्थामा हिजोका राणा तथा पञ्चायतको पालामा जस्तो जनताका हक, अधिकार र स्वतन्त्रतामाथि अतिक्रमण गरिएको बताइन् । लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र संघीयताको कुरा गरिए पनि त्यसको अनुभूति जनतामा नरहेको बताउँदै यदि सरकारको चाला यही हो भने यो फासिवादी अभ्यासमा अघि बढ्न थालेको कुरामा जोड दिइन् ।

हाल देशमा कोही पनि नागरिक पेशा, व्यवसाय, ...बाँकी ६ पेजमा

## 'अब मजदुरहरू आन्दोलित बन्नुपर्छ'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको केन्द्रीय समिति सचिवालयको बैठकलाई सम्बोधन गर्ने क्रममा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले मजदुरहरू आन्दोलित बन्नुपर्ने धारणा राखेका छन् । पार्टी कार्यालय बुद्धनगरमा शनिबार बसेको बैठकलाई सम्बोधन गर्दै महासचिव किरणले क्रान्तिकारी माओवादी भनेको मजदुर वर्गको पार्टी भएको भन्दै मजदुर आन्दोलनलाई संगठित नगरी नयाँ जनवादी क्रान्तिको तयारी नहुने विचार व्यक्त गरे ।

आम मजदुरहरू अहिले पनि चरम शोषण, विभेद र उत्पीडनमा रहेको भन्दै श्रम अनुसारको ज्याला मजदुरहरूले नपाउने गरेको र शोषित पीडित मजदुरहरूलाई संगठित गरी अब आन्दोलन उठानमा मजदुर नेताहरूले मिहनेत गर्नुपर्ने बेला आएको पनि महासचिव किरणले बताए । वर्तमान ओली सरकारले किसान, मजदुर, महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लीम आदि कसैको पनि हक, हित र अधिकारको पक्षमा काम गर्न नसक्ने ठोकुवा गर्दै महासचिव किरणले ती समस्याहरूको वास्तविक समस्याको समाधान क्रान्तिकारी माओवादीले मात्र गर्न सक्ने पनि दावी गरे । महासचिव किरणले भने, "राष्ट्रियता, जनतन्त्र र जनजीविकाका ि व क र ा ल ...बाँकी ७ पेजमा

## समाज कल्याण परिषद्को भ्रष्टाचार प्रकरण
# जाँचबुझ आयोग नै शंकाको घेरामा

काठमाडौं । समाज कल्याण परिषद्मा भएको भ्रष्टाचार तथा अनियमितताको छानविन गर्न बनेको जाँचबुझ छानविन आयोग नै यतिबेला शंकाको घेरामा परेको देखिएको छ । १८ साउनको मन्त्रीपरिषद्ले गरेको निर्णय बमोजिम गठन गरिएको आयोगले अहिले छानविन प्रक्रिया अगाडि बढाएको बुझिएको छ । परिषद्का कामु निर्देशक हरिबाबु तिवारीले दिएको जानकारी अनुसार आयोगले ७ र ८ भदौंमा छानविनका लागि आवश्यक पर्ने कागजात परिषद्बाट झिकाएको छ । तर यसबारे सदस्य सचिव डिल्ली प्रसाद भट्टसँग बुझ्दा सो बारे आफूलाई जानकारी नभएको बताए । परिषद्को ऐन, नियमावली तथा कर्मचारी सेवा शर्त नियमावलीका अनुसार सदस्य सचिव नै परिषद् कार्यालयको प्रमुख हो । मन्त्रिपरिषद्को निर्णयबाट बर्खास्तीमा परेका सदस्य सचिव भट्टलाई २९ साउनमा सर्वोच्च अदालतले सदस्य सचिवकै रुपमा काम गर्न दिनु भनि नेपाल सरकार र महिला, बालबालिता तथा जेष्ठ नागरिक मन्त्रालयका नाममा जारी गरेको अन्तरिम आदेश अनुसार मन्त्रिपरिषद्, समबन्धित मन्त्रालयले सचिव भट्टलाई पूर्ववत रुपमा काम गर्ने बतावरण बनाउनु पर्ने हो तर अदालतको आदेशको दुई हप्ता बितिसक्दा पनि सरकार तथा सम्बन्धित मन्त्रालयले त्यसको बातावरण बनाएको देखिएको छैन । हामीलाई प्राप्त जानकारी अनुसार सचिव भट्टको कार्यकक्षको ताला फोडी अर्को ताला लगाइएको र उक्त ताला माननीय मन्त्री थममाया थापा आफैसँग रहेको छ । र, ताला खोली काम काज गर्ने वातावरण मिलाइदिन भन्दै सचिव भट्टले मन्त्री थापा समक्ष निवदेन हालेका छन् तर ...बाँकी ७ पेजमा

# वर्तमान सरकार कम्युनिष्ट सरकार होइन

आहले मुलुकको सरकारका विषयमा धेरै चर्चा र वहस चलेको छ । त्यो वहस के भने एकथरी मानिसहरू मुलुकको वर्तमान सरकार कम्युनिष्ट सरकार हो । मुलुकमा अब कम्युनिष्ट शासन आयो, जनवाद आयो । अब यहाँ क्रान्तिभ्रान्तिका कुरा हुँदैनन्, अब मुलुक विकास र समृद्धिको दिशातिर जान्छ । नेपालमा कम्युनिष्ट सत्ता आयो । अब भारेभुरे कम्युनिष्ट यसैमा आएर बिलिन हुनुपर्छ ।

अब बाहिर बसेर कसैको अस्तित्व रहँदैन । हाम्रो एकतामा आउन नचाहनेहरू कम्युनिष्ट हुन सक्दैनन् । तिनीहरू कि त जडसूत्रवादी हुन् कि त उग्रवादी हुन् आदिआदि । यी कुराहरू भनेर आत्मरति लिइरहेका छन् ।

सरकारभन्दा बाहिर रहेका अर्काथरी मान्छेहरू के भन्छन् भने

**वर्तमान सरकार कम्युनिष्ट सरकार होइन । यो कम्युनिष्ट झण्डाभित्र लुकेको क्रान्तिविरोधी, धोकेबाज दक्षिणपन्थी संशोधनवादी तथा विविधखाले अवसरवादी दलाल र गद्दारहरूको सरकार हो**



● धनेश्वर पोखरेल ●

मुलुकमा अब क्मयुनिष्ट सरकार आयो, अब यसले अधिनायकवाद लाद्छ । हाम्रो हस्तित्व समाप्त हुन्छ । हाम्रो प्रभुत्व खत्तम हुन्छ । हाम्रो स्वर्गमा आगो लाग्छ । हामी सधै सरकारबाट बाहिरिन पर्ने भयो । हाम्रो लुटको संरचना सबै भत्किने भयो, बर्बाद भयो । सर्वनाश भयो आदि आदि भनेर चिच्याइरहेका छन् ।

वास्तवमा नेपालमा कम्युनिष्ट सरकार आएको हो कि होइन, कम्युनिष्ट सत्ता स्थापना भएको हो कि होइन अथवा भनौ वर्तमान ओली सरकार कम्युनिष्ट सरकार हो कि होइन ? आली एण्ड दाहाल कम्पनीहरू नै कम्युनिष्ट हुन् कि होइनन् । यसबारे चर्चा गर्नु सान्दर्भिक होला ।

वर्तमान सरकार बनेदेखि हालसम्मका नेपालका आधिकांश संचार माध्यमहरूले आफ्ना समाचार माध्यमहरूबाट भंगेरा टाउके अक्षर शीर्षक दिएर 'नेपालमा पहिलो पटक बहुमतको कम्युनिष्ट सरकार बन्यो', 'अब नेपालको काँचुली फेरिने भयो' । अब मुलुक रातारात समृद्धि र विकासको बाटोमा लम्कन्छ । अब यहाँ कोही भोको र नांगो बस्नु पर्दैन, कोही बेरोजगार बस्नु पर्दैन आदि आदि समाचार लेखेर मखख परिरहेका छन् ।

यहाँका आफूलाई बुद्धिजीवी ठान्नेहरू समेत सरकारको स्वरूप र अखबारे वा विद्युतीय संचार माध्यमहरू पढेर ...बाँकी ७ पेजमा

## सम्पादकीय

# कालीमाटी तरकारी बजार बिचौलियाको 'हब'

कालीमाटी तरकारी तथा फलफूल बजार बिचौलियाको हब बन्न पुगेको छ । राजधानी काठमाडौंमा आम जनताले दैनिक तरकारी तथा फलफूल उपभोग गर्ने नेपालको सबैभन्दा ठूलो बजार कालीमाटी तरकारी तथा फलफुल बजार हो । तरकारी तथा फलफूलको मूल्य आकाशिएपछि कालिमाटीमा सरकारी तथा गैरसरकारी केही स्वतन्त्र संस्था वा व्यक्तिहरूबाट अनुगमन गरी महंगीको कारण पत्ता लगाउन प्रयास गरिएको थियो ।

सबैको अध्ययन र अनुसन्धानबाट कालीमाटी तरकारी तथा फलफूल बिचोलियाको हब बनन पुगेकाले महंगी आकाशिएको निष्कर्ष निकालिएको छ । तर यसको नियन्त्रणा लागि केही पनि पहल गरिएको छैन । यो बजार सरकारी बजार हो । तर हरेक मन्त्रीहरूले बार्गेनिङ गरेर कमाउ बजारका रूपमा यसलाई प्रयोग गर्दै आएका छन् । हालका दिनहरूमा त कृषि मन्त्री र उद्योग वाणिज्य मन्त्री कालीमाटी बजारको आर्थिक स्रोतलाई कसले दोहन गर्ने भन्ने विषयलाई लिएर लाज नै नमानिकन सार्वजनिक रूपमा झगडा गर्दै आएका छन् ।

नेपालमा उत्पादित फलफूल तथा तरकारी कालीमाटीमा जम्मा गर्ने र त्यहाँबाट थोक मूल्यमा विक्रि गरिएपछि अरुहरूले फुटकर मूल्यमा काठमाडौं, भक्तपुर र ललितपुरलगायतका सबै ठाउँहरूमा विक्रि गरिने गरिँदै आएको छ । पछिल्लो चरणमा तरकारी तथा फलफूलको भाउ आकाशिएपछि सर्वसाधरणको जीवन गुजारा निकै कठीन बन्न गएको छ । यसको पछाडिको कारण विचौलियाको श्रृङखलाबद्ध मुनाफा आर्जन र हस्तान्तरण नै हो ।

कालिमाटी तरकारी बजारमा किसानद्वारा उत्पादित तरकारी आइपुग्दा त्यो पाँच ठाउँमा बिक्रि भइसकेको हुन्छ । पाँच ठाउँका बिचौलियाहरूले मुनाफा लिएर कालिमाटी तरकारी बजारमा थोकका रूपमा गणना गर्दाका बखत उक्त तरकारीको मूल्य किसानले विक्री गरेको मूल्यको पाँच गुणा बृद्धि भइसकेको हुन्छ । यसको अर्थ हो, कालिमाटीको तरकारीको थोक मूल्य भनेको किसानले उत्पादन गरेर बेचेको मूल्यको पाँच गुणा बढी हो ।

किसानले आफ्ना खेतबारीबाट सरदर दशदेखि पन्ध रूपैयाँ प्रतिकिलोका हिसाबले तरकारी बेच्दछन् । त्यहाँबाट स्थानीय तरकारी संकलकले त्यसको डबल मूल्यमा बेच्दछन् । त्यो स्थानीय तरकारी संकलन केन्द्रबाट काठमाडौं पुर्याउँदा पेरि डबल मूल्मा बेचिन्छ । यहाँसम्म आउँदा ६० देखि ८० रूपैयाँ प्रत किलोसम्म मूल्य पुगिसक्छ । कालिमाटी थोक बजारमा पुग्दा यो मूल्य बढेर १२० रूपैयाँसम्म पर्न आउँछ । फुटकरमा जाँदा यसको मूल्य स्वतः १५० वा सामानको अभाव र गुणस्तर हेरी २०० रूपैयाँसम्म पर्न आउँछ ।

बिचौलियाको यो श्रृङ्खलाबद्ध मुनाफा आर्जन गर्ने संयन्त्र नेपालमा जहाँकहीं जब्बर छ । हाँसो उठ्दो कुरो त के पनि रहेको छ भने यसमा पनि सिण्डिकेट छ । मन्त्रीहरूको झैं झगडा र मारामार छ । नेता र सरकारी पार्टीहरू यिनीहरूबाट हप्ताह र मासिक असुल्ने गर्दछन् । त्यसैले यिनको दादागिरी चल्छ स्थानीय क्षेत्रमा । किसानहरूकै खेत वा बारीमा लगाएको तरकारीमाथि तेरो र मेरोको सीमारेखा बनाएर बसेका हुन्छन् यिनीहरू । यी स्थानीय विचौलियाहरू चौधघरे दादा जस्ता हुन्छन् । किसानको घरकुरिया गन्ती गरेर धाक जमाएर बस्छन् । यिनीहरूको मन्त्रीसँग सिधै सम्पर्क हुन्छ । देखाउनका लागि भए पनि तीनचार पटक त फोन नै गर्दछन् । 'अब माल आउँदैछ मन्त्री ज्यु !' मन्त्री पनि दंग हुँदै जवाफ फर्काउँछन्- 'पठाउनुस्, पठाउनुस् !'

यसरी सरकारी माखेसांलोमा जोडिंदै गहिरिएर बसेको छ बिचौलियाको सञ्जाल । यसले प्रत्यक्ष रूपमा उपभोक्ताहरूमाथि ठूलो मार पारिहेको छ ।

## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्नै र पढ्ने गरौं ।
www.moolbato.com

# नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (मसाल)को कार्यनीतिक प्रश्नलाई हेर्ने विषयमा देखिएका मतभेदहरूबारे थप कुरा



रामसिंह श्रीस

यो विषयमा यसभन्दा पहिले पनि मैले एउटा लेख लेखेको थिएँ । यहाँ यही विषयमा अरु थप कुराहरू लेख्ने प्रयत्न गरेको छु । नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (मसाल)को कार्यनीतिक प्रश्नहरूमा नेपालको संविधान २०७२ र ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने विषयमा पनि गम्भीर प्रकारको मतभेदहरू छन् । नेकपा (क्रान्तिकारी माओवादी)ले नेपालको संविधान २०७२ लाई यसरी विश्लेषण गरेको छ 'यो संविधान दलाल नोकरशाही पुँजीपति एवं सामन्त वर्ग तथा तिनको राज्यसत्ताको पक्ष र मजदुर, किसान, महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, पिछडिएको क्षेत्रलगायतका उत्पीडितवर्ग तथा समुदायहरूको विपक्षमा छ ।' (राष्ट्रिय सम्मेलनका राजनीतिक दस्तावेजहरू २०७४ पृष्ठ १३ ।)

नेकपा (मसाल)ले यस संविधानको विषयमा भनेको छ, 'अहिले पारित भएको संविधान अत्यन्तै ठूलो ऐतिहासिक उपलब्धि हो र त्यसलाई हाम्रो पार्टीले दृढताका साथ समर्थन गर्दछ ।' (क.मोहनविक्रम सिंहको २०७२ असोज २ गते प्रकाशित वक्तव्यबाट)

त्यस्तै नेकपा (मसाल)को २०७३ असार ११ मा सम्पन्न दोस्रो राष्ट्रिय भेलाद्वारा पारित प्रस्तावमा भनिएको छ 'नेपालको संविधान २०७२ नेपालको राजनितीक इतिहासको नै ठूलो उपलब्धि हो । त्यो संविधधान अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाअन्तर्गतको संविधान हो । त्यो कुनै क्रान्तिकारी संविधान होइन ।' यो संविधानलाई हेर्ने नेकपा (मसाल)को दृष्टिकोणमा द्वैध चरित्र छ । एकातिर यसले यो संविधानलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाको संविधान, 'कुनै क्रान्तिकारी संविधान होइन' भन्दछ भने अर्कोतिर त्यस्तो संविधानलाई ऐतिहासिक उपलब्धि मान्दछ र त्यसलाई दृढतापूर्वक समर्थन गर्ने नीति लिन्छ । २०७२ साल असोजको वक्तव्यमा यो संविधानलाई अत्यन्तै ठूलो ऐतिहासिक उपलब्धि र त्यसलाई दृढतापूर्वक समर्थन गर्ने कुरा गरिन्छ भने २०७३ साल असारमा त्यसमा 'अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाअन्तर्गतको र त्यो कुनै क्रान्तिकारी संविधान होइन' भन्ने कुरा जोडिन्छ । गैरक्रान्तिकारी संविधान भने पछि त्यो संविधानको कतिपय सकारात्मक पक्षहरूलाई समर्थन ग द ै मूलत त्यो संविधानको विरोध र खारेज गरी क्रान्तिकारी जनसंविधान निर्माण गर्ने कुरामा जोड दिनुपर्थ्यो । तत्कालीन नेकपा (मसाल)ले २०४७ सालको संविधानलाई यसरी नै हेरेको थियो । तर अहिले नेकपा (मसाल)ले आफैले क्रान्तिकारी संविधान होइन भन्ने तर त्यसको दृढतापूर्वक समर्थन गर्ने कुरा कतै मिल्ने कुरा होइन ।

**यो संविधानलाई कसरी हेर्ने भन्ने प्रश्नले दुई प्रकारको कार्यदिशाको निर्धारण गर्दछ । यो संविधानलाई मूलतः समर्थन गर्ने कुराले यथास्थितिवादी कार्यदिशाको प्रतिनिधित्व गर्दछ भने क्रान्तिकारी कोणबाट यो संविधानको खारेज गरी जनसंविधान बनाउने कार्यदिशाले क्रान्तिकारी कार्यदिशाको प्रतिनिधित्व गर्दछ**

यो संविधान कस्तो संविधान हो र कसको हितमा काम गर्दछ भन्ने विषयमा यस संविधानमा उल्लेख भएका दुइटा कुराले मात्र पनि प्रष्ट पार्दछ । नेपालको संविधान ०७२ मा प्रस्तावनामा भनिएको छ 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारको विभेद र उतीडनको अन्त्य गर्दै' त्यस्तै संविधानको धारा ७४ मा भनिएको छ 'शासकीय स्वरूपः नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ ।' प्रस्तावनामा उल्लेख गरेको कुराले 'सामन्ती राज्यव्यवस्थाले सृजना गरेको सबै प्रकारको विभेद र उत्पीडनको उन्मूलन गर्ने' भन्दछ तर पुँजीवादी राज्य व्यवस्थाले सृजना गरेको विभेद र उत्पीडनको अन्त्य गर्ने कुरा कतै गर्दैन । त्यस्तै धारा ७४ मा शासकीय स्वरूप 'संसदीय शासन प्रणाली हुनेछ' भनेर प्रष्ट शब्दमा भन्दछ । संसदीय शासनप्रणाली भनेको बुर्जुवा बगेको शासन प्रणाली हो । मार्क्सदेखि माओसम्मका सर्ब मार्क्सवादी गुरुहरूले संसदीय प्रणालीको अन्त र नयाँ जनवाद तथा वैज्ञानिक समाजवादको स्थापनाको लागि संघर्ष गर्नुभयो । तर नेकपा (मसाल)ले नयाँ जनवादी क्रान्तिको कुरा गरेता पनि यो प्रतिक्रियावादी संविधानलाई 'दृढतापूर्वक समर्थन' गरेर सारमा प्रतिक्रियावादी व्यवस्थाकै पक्षपोषणमा लागेको पाइन्छ । यो संविधानको रक्षा गरेर यसलाई 'दृढतापूर्वक समर्थन' गरेर नयाँ जनवादी क्रान्ति हुँदैन । नयाँ जनवादी क्रान्तिको बाटोमा जाने हो भने यो संविधानलाई क्रान्तिकारी दिशाबाट अतिक्रमण गर्दै अन्ततः यसको खारेजी र जनवादी संविधान (मजदुर, किसानको अधिनायकवाद गएको) निर्माण गर्नुपर्दछ । यो संविधानलाई कसरी हेर्ने भन्ने प्रश्नले दुई प्रकारको कार्यदिशाको निर्धारण गर्दछ । यो संविधानलाई मूलतः समर्थन गर्ने कुराले यथास्थितिवादी कार्यदिशाको प्रतिनिधित्व गर्दछ भने क्रान्तिकारी कोणबाट यो संविधानको खारेज गरी जनसंविधान बनाउने कार्यदिशाले क्रान्तिकारी कार्यदिशाको प्रतिनिधित्व गर्दछ । यो संविधानलाई 'दृढतापूर्वक समर्थन' गर्दै नयाँ जनवादी क्रान्ति गर्ने कुरा गरिन्छ भने त्यो स्वर्गको कुरा गरेर नरकतिर जाने बाटो हो ।

ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले कुन वर्गको प्रतिनिधित्व गर्दछ भन्ने ...बाँकी ७ पेजमा

झर्रोटर्रो कैलुब्राह

# गाईजात्रे भाषण

आज गाईजात्राको दिन । नेपाल मण्डलमा निकै धुमधडकासँग गाईजात्रा मनाउने चलन छ । रैती मनुखेले गाईजात्रा वर्षमा एक दिन मनाउँछन् । यो जनै पूर्णिमाको भोलीपल्ट पर्छ । तर सरकारले भने आफ्नो कार्यकालभरी गाईजात्रा मनाउने भएको छ । गाईजात्रा मनाएर नै आफ्नो विकासे अभियान पूरा गर्ने सोच बनाएको छ । आज महागाईजात्राको दिन भएकाले सरकारका पर्धानमन्तरीले रैती मनुखेका नाममा विशेष सम्वोधन गरेर गाईजात्रा पर्वको शुभकामना व्यक्त गरेका छन् । साथै उनले गाईजात्राको अवसर पारेर आफ्नो कार्यकालको विकास लक्ष्य पनि सार्वजनिक गरेका छन् । पर्धानमन्तरीले गरेको सम्वोधनलाई सबै रैती मनुखेले थाहा पाउन भनेर यहाँ जस्ताको तस्तै पस्किएको छ ।

**पर्धानमन्तरीको सम्भाषण :**

'मलाई भोट दिने र नदिने देशका वासी रैतीजन !

आज गाईजात्राको पर्व भएकाले सबै रैतीजनमा गाईजात्रे शुभकामना छ । मान्नेलाई श्रीखण्ड नमान्नेलाई खुर्पाको बीँड भनेजस्तो गाईजात्रा मान्नेले यसको महत्व बुझ्चन् नबुझ्नेले यस्लाई हँसी मजाकमा उडाइदिन्चन् । सरकारले बोलेको कुरो हँसी मजाकमा उडाउने विषय हैन । अब उप्रान्त सरकारले बोलेको कुरोलाई हँसी मजाक मानेर गल्ती गर्ने काम कसैले नगरोस् भन्ने चेताउनी पनि दिन चाहन्चु । भदौरे मुलुकी ऐनले समाउला, होस विचार गर्नू । आज नेपाली रैती मनुखेको आफ्नै मौलिकतामा जन्मिएर निर्माण भएको पर्व गाईजात्रा भएकाले यस सुअवसरमा सरकारले गर्ने विकासका लक्ष्य यसै वक्तव्यमार्फत् सबैमा जानकारी गराउन चाहन्चु ।

मैले यो चुनाउ भन्दा पैला सरकारमा गएका बखत सबै रैतीजनका प्रत्यक घरका चुलोभित्रै ग्यास पाईप फिट गर्ने, देशमा पानी जाज चलाउने, रेल कुदाउने कुरो गर्दा सबैले हँसी मजाकमा उडाए । उडाउनेले ऐले पनि उडाइराख्या छन् । भुक्ने कुकुर भुक्दै गर्च हात्ती आफ्नै चाल भनेझैं म आफ्नो बाचाबन्धन पूरा गर्न लागिपरेकै छु । म मेरै चालमा हिँड्चु । आखिरमा मैले ग्यास पाइप रैती मनुखेका घरघरमा फिट गर्दै यो अभियानको सुरुआत पूर्वबाट गरीनै सकेँ । घाम पूर्वबाट उदाउने भएकाले मैले आफ्नो बाचाकवोल पनि पूर्वबाटै उद्घाटन गरेर सुरुआत गरीसकेको छु । मलाई उतिबेला डेउडापति र हाम्रा दुई नम्बरी अध्यक्षले मिलेमतो गरेर पर्धानमन्तरीबाट नहटाएको भए यो कामको थलनी उहिल्यै भैसक्थ्यो । भेडाको मुखमा कुभिण्डो अटाए पो । आखिरमा हाम्रा दुई नम्बरी मेरै शरणमा मेरै निगाहमा आए । उतिवेला प्रभुसँग मिलेर मलाई सिध्याउन खोजेकै हुन् । प्रभुका अशली चेलो म नै थिएँ भन्ने कुरा थानीय चुनाउले बल्ल उनको खोपडीमा घाम लगाइदियो र तातिएर बल्ल मलाई चिने । जे होस् ऐले मेरै हालहुकुम भित्र आएको हुनाले शरणको मरण त गर्नु भएन । कुरो अन्तै बरालिन पो थाल्यो क्यारे ।

मैले बोलेको कुरा पूरा गरेरै छाड्चु भन्ने कुरो त ग्यास पाइप उद्घाटन गरेर देखाई हालेँ । अब त पत्याउन कर लागो होला । म यो अभियानलाई देशै भरि पुर्याउन चाहन्चु । हामीले खाना पकाउनलाई एलपी ग्यास नै प्रयोग गर्नु पर्च भन्ने त छैन । हाम्रो देशाँ त्यो उब्जिन्न पनि । बाहिरबाट ल्याउँदा नाकाबन्दीले कति सताउँच हाम्लाई । त्यसको बैकलपिक उपाय हाम्रै देशमा प्रसस्तै छन् । चिन्न सक्नु परो । जसरी ऐले पूर्वमा बत्तीस घरमा ग्यास जोडियो त्यसैगरी देशै भरि जोड्ने उपाय मसँग छ । हाम्रो देशाँ ग्यास्टिकका रोगी धेरै छन् । प्रत्यक गाउँपालिका र नगरपालिकाका वडाहरूमा ग्याष्टिकका रोगीहर्लाई भेला पार्ने र तिनरुले उत्सर्जन गर्ने ग्यसलाई भण्डारण गरी डिपो खोल्ने । त्यहि ग्यास पाइपबाट प्रत्यक चुलो पठाउने व्यवस्था मिलाइने छ । हाम्रो देश हिमाल र पाहाडले भरिएको हुनाले डाँडाकाँडा भरी पानी जाज चलाउने व्यवस्था गरीने छ । समुन्द्रमा पुग्ने पानी हाम्रै डाँडाकाडाका मूलबाट जाने भएकाले उता जाने पानीलाई यतै रोकेर जलाशय निर्माण गरी पानीजाज चलाउन सकिने छ ।

मैले रेलको कुरा पनि सम्भव देखेको छु । हाम्रो आफ्नै प्रकारको मौलिक रेल चलाउने सोच बनाएको छु । विश्वमा कहिँ नभएको रेल हामीले चलाउन सक्चौं । अरू देशमा रेलको लिग विच्छाउन पर्च तर हामीले हाम्रै सडकमा कुद्ने रेलको विकास गर्न पर्च । ट्याक्ट्रमा टराली गाँसेर माल ओसार्ने र मनुखे आसार्ने डिब्बा तयार गर्यौं भने रेल कुदाउन सकिने छ ।

ऐले हाम्रो सरकारलाई कर लगायो भनेर चौतर्फी आलोचना भइरहेको छ । मैले पैला नै सङ्घीयता महङ्गो व्यवस्था हो, रैतीले धान्न सक्दैनन् भनेकै हुँ । त्यतिवेला मलाई सङ्घीयता विरोधी, राजासँग मिलेको आदि नाना प्रकारका नन्दीभृङ्गी आरोप लगाइयो । हाम्रा दुई नम्बरी अध्यक्षले त मेरो छाला मात्रै नभएर हड्डी देखाउनेगरी मलाई खोल्स्याउने दुस्वप्न देखे । मरै भित्रीयापट्टीका इलामे बाहुन पनि मेरा विरुद्ध लागे । रैतीले मेरा कुरा सुनेनन् । सङ्घीयता ल्याएपछि त स्वर्गै पुगिन्च जस्तो गरे । ऐले कर बढायो भनेर भन्नी ? कर नबढाए यत्रा मान्ने मन्तरी, थानीय सरकारका नेता के गरी पाल्ने ? त्यै भएर कर बढेको हो । अब रैतीले खुरुक्क कर तिर्ने र सङ्घीयताको फल लप....अ लप...अ चाट्ने । अब सङ्घीयताको बारेमा बहस गर्ने समय छैन । गर्नु पनि हुँदैन । हाम्रा तेत्रा कार्यकर्ता पालेको छ । सबै मन्तरी र मान्ने हुन पाका छन् । मेयर र गाउँपालिकाका मठाधिसहरू हुन पाका छन् । जे जस्तो भएपनि राम्रै भएको छ ।

देशको विकास गाउँपालिका र नगरपालिकाका वडाहरूका वडाधीसहरूलाई डोजर किन्न लगाएर उनका छोरा नातिहरूलाई ठेकेदार बनाएर बाटो नाला कुलो खन्नेमा लगाएर गरिने छ । बेरोजगारहर्लाई खाडितिर रोजगारको व्यवस्था गरिने छ । कहीँ जान नपाएर घरमै थन्किएकालाई सय दिनसम्मका लागि घरघरमा पैसा दिएर बसि बसि खाने व्यवस्था गरिने छ । सयदिनको पैसाले तीन सय पैँसट्ठी दिनसम्म पुर्याउनु पर्ने छ ।

*१० भदौ २०७५*

*kailubraha73@gmail.com*

# प्रवासमा संगठन बिस्तार हुँदा त्यसको देशभरि सकारात्मक असर परिरहेको छ : परि थापा



**हाम्रो यो संगठनको नाम नै निकै आकर्षण गर्ने खालको प्रस्ट छ । दोस्रो कुरा, साथीहरू कम्मर कसेर संगठन विस्तारमा लाग्नु भएको छ । खटन र क्रियाशीलता निकै छ । नयाँ नयाँ ठाउँमा गएर पनि संगठन बिस्तार गरिरहनु भएको छ । दुर्गमभन्दा पनि दुर्गम ठाउँमा संगठन बिस्तार भएको छ**

***प्रवासमा संगठन विस्तार अभियान राम्रोसंग भएको देखियो । यसबारे बताइदिनुस् न ।***

नेपाली एकता समाज भारतले विभिन्न प्रदेशहरुमा आफ्नो संगठनको भेला, सम्मेलन र बैठकका लागि हामीहरुलाई आमन्त्रण गरेको थियो । सोही आमन्त्रणअनुसार आमी त्यहाँ पुग्यौ पनि । म सहित पाँचजना साथीहरु अभियानमा सहभागी भएका थियौं । हाम्रो पहिलो कार्यक्रम हैदराबादबाट सुरु भयो । हैदराबादमा दुईवटा नगर समितिको संयुक्त रुपमा सम्मेलन सम्पन्न भयो ।

हामीहरु त्यसपछि मुम्बैमा गयौं । त्यहाँ तीनवटा नगर सम्मेलनहरु सम्पन्न भए । मुम्बैदेखि हामी दिल्लीहुँदै जम्मुकास्मीर गयौं । जम्मुकास्मीरको लेलद्दाखमा चारओटा नगर समितिको सम्मेलन सम्पन्न भयो ।

त्यसपछि हामी दिल्ली फर्कियौ । त्यहाँ एउटा नगर समितिको सम्मेलन सम्पन्न भयो । सोनीपतमा अर्को नगर सम्मेलन सम्पन्न भयो । पञ्जाबमा अर्को नगर सम्मेलन सम्पन्न भयो । कूल गरेर बाह्रओटा नगर सम्मेलनहरु सम्पन्न भए ।

***त्यस दौरानमा अन्य गतिविधिहरु पनि केही भए ?***

यी सम्मेलन कार्यक्रमहरुसँगै सांस्कृतिक कार्यक्रमहरु पनि सम्पन्न भए । अन्तरक्रिया छलफल र बहसहरु पनि भए । आवश्यकताअनुसार समसामयिक प्रशिक्षण कार्यक्रमहरु पनि संचालन गरिए । यी कार्यक्रमहरु सम्पन्न गर्न हामीहरुलाई एक महिनाको समय लाग्यो ।

***यसरी धेरै ठाउँमा कार्यक्रम सम्पन्न गर्दा यात्रा जस्तो पनि भयो । कस्तो अनुभूति गर्नु भएको छ ?***

भारतको राजधानी सहर दिल्लीदेखि लद्दाख जम्मुकश्मिर सम्मको यात्रा गर्दा संगठन निर्माण तथा जनपरिचालन अभियान आफैमा यात्रा जस्तो पनि भयो । रमाइलो भयो । टिमबद्ध हिंडाइ र बसाइका हिसाबले हामीहरु पनि निकै उत्साहित भयौ । उपस्थित साथीहरु पनि निकै उत्साहित हुनु भयो । सम्मेलनको जमघट, साथीहरुको जिज्ञासा, सैद्धान्तिक स्तर र आजको आवश्यकतालाई हेरेर यस लगत्तै सैद्धान्तिक, राजनैतिक, वैचारिक लगाएतका प्रशिक्षण कार्यक्रमहरु लैजानु पर्ने जरुरी देखिएको छ । प्रशिक्षणको आवश्यकता टड्कारो देखियो । साथीहरुको सुझाव पनि हामीलाई त्यही खालको भयो । र, हामीले पनि साथीहरुलाई त्यही सुझाव दियौं । सहयोग आवश्यक भएमा त्यहाँ पुग्ने वाचा पनि गरेर आएका छौं ।

***जनसहभागिता कस्तो थियो ?***

सम्मेलनहरु, भेटघाट र छलफलहरुमा जनसहभागिता निकै उतसाहवर्द्धक थियो । जुन जुन नगरहरुमा भेला सम्मेलनहरु गरिए, ती नगरका प्रायः सबै ठाउँबाट उपस्थिति रहेको थियो । जनमानसलाई हेर्दा लाग्दथ्यो अब प्रवासी नेपालीहरु नेपाली एकता समाज भारतमा सघनरुपले एकताबद्ध हुँदै गएका छन् । धेरैजसो त देशभित्र चलेका युद्ध र आन्दोलनहरुमा प्रत्यक्ष सहभागी भएकाहरु पनि थिए । छलफल र कुराकानीका क्रममा ती सबै कुराहरु सहजै स्मरण गरिए पनि । तर पनि देशमा अहिले बनेको सरकारले सबै खालको उत्पीडनको अन्त्य गरेर समानता ल्याउन सक्ने स्थिति नभएकोमा सबै एकमत थिए । जबसम्म देशमा जनगणतन्त्र स्थापना हुँदैन, तबसम्म देश र जनताको मुक्ति हुँदैन भन्नेमा सबै विश्वस्त थिए ।

***अरु प्रदेशहरुमा संगठन विस्तारको सम्भावना कति छ ?***

एकदमै सम्भावना छ । कस्मिर जस्तो दुर्गम ठाउँमा त भयो, अलि अग्लो ठाउँमा रहेछ साथीहरु बिरामी हुनुभयो । बीचमा भोपालमा पनि भयो । तर भोपालमा भने हामी जान पाएनौं । भोपालमा त्यहाँ २१ मार्चमा महासचिव गएर सम्पन्न गर्नुभयो । नेपालीहरु पनि त्यहाँ बसोबास गर्नुहुन्छ । अब कार्यक्रम बनाएर जनताको घर दैलोमा जानुपर्छ । संगठन नहुने कुरो नै भएन । नयाँ नयाँ साथीहरुलाई भेट्यौ । उहाँहरु आउनुभयो । उहाँहरुले त्यो सामाजिक संगठन हो सामाजिक कार्यमात्र गर्छ भन्ने बुझ्नुभएको रहेछ । सामाजिक काम त गर्छ नै । तर सामाजिक कामले मात्र हाम्रो उद्देश्य पूरा हुँदैन । राजनीतिमा पनि हामी सचेत हुनुपर्छ भन्ने कुरा हामीहरुले उहाँहरुलाई सम्झायौ र बुझायौं ।

***नेपाली एकता समाज भारतप्रति प्रवासी नेपालीहरुको आकर्षण बढ्नुका पछाडिका कारणहरु के रहेछन् ?***

प्रवासी नेपाली संगठनहरु त अरु पनि छन् । सम्मेलनहरुमा ती सबैलाई बोलाइएको थियो पनि । तर पनि हाम्रो यो संगठनको नाम नै निकै आकर्षण गर्ने खालको प्रस्ट छ । दोस्रो कुरा, साथीहरु कम्मर कसेर संगठन विस्तारमा लाग्नु भएको छ । खटन र क्रियाशीलता निकै छ । नयाँ नयाँ ठाउँमा गएर पनि संगठन बिस्तार गरिरहनु भएको छ । दुर्गमभन्दा पनि दुर्गम ठाउँमा संगठन बिस्तार भएको छ । साथीहरुको यो खटाई र योजनाबद्धतामा कार्यक्रमहरु हुँदै गए भने संगठन द्रुत गतिमा बिस्तार हुने छ ।

अर्को महत्वपूर्ण कुरो, हाम्रा साथीहरु त्यहाँ रहेका नेपाली प्रवासी संगठनहरु सबैसँग हातेमालो गरेर अगाडि बढिरहेका छन् । सबैसँग मैत्रीपूर्ण सम्बन्ध रहेको छ । यो पहल र सहकार्यलाई निरन्तरता दिन सुझाव पनि दिएका छौं ।

***प्रवासमा संगठन व्यापक रुपमा बिस्तार हुँदा त्यसको असर देशभित्र कत्तिको पर्ने देख्नुहुन्छ ?***

प्रवासमा हामीहरुले देशैभरका साथीहरुलाई भेट्यौं । त्यहाँ नेपालको मोटामोटी चित्र अनुभूत हुन्छ । डुल्दै जाँदा जम्मुकश्मिरतिर नेपालका हिमाली भागका साथीहरुलाई भेट्यौं । दिल्ली लगाएतका नगरहरुमा प्रायः नेपलभरिका साथीहरु भेट्यौं । नेपालभरका साथीहरुलाई भेट्दा रमाइलो पनि भयो । विचार र अनुभूतिहरु पनि एकै ठाउँमा केन्द्रित हुन आए ।

***प्रवासमा संगठन विस्तार गरेर देशभित्र प्रवेश गर्दा कस्तो अनुभूति भएको छ ?***

देशभित्र प्रवेश गर्दा न त उत्साहको वातावरण छ, न त आशाको । बरु यहाँ अत्याचार र विरोध प्रदर्शनको वातावरण छ । देशभर सरकारबाट गिरफ्तारी, धरपकड र कर्फ्यु जारी गरिएको छ । चेलीहरु बालात्कृत भएका घटनाले देश स्तब्ध छ । गोली चलाइएको छ र विद्यार्थीहरुको हत्या गरिएको छ । यो सरकारको देश र जनताप्रति प्रेम नै छैन ।

***यी सस्याहरुलाई हल गर्न कस्ता खालका संघर्षका कार्यक्रमहरु उठान गरिए उपयुक्त होला ?***

यी सबै अन्याय, अत्याचार, हत्या, बलात्कार, विभेद, दमन आदि सबै जनविरोधी राज्यको चरित्रसँग जोडिएका छन् । यिनका विरुद्ध संघर्षगर्दा देशको हित हुने संघर्षका कार्यक्रम, जनता र जनमुखी संघर्षका कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ । यी सबै राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग जोडिएका छन् । संघर्षका विषयहरु मिल्ने सबै एकजुट भएर अगाडि बढ्नुपर्छ । यसका लागि हामीहरुले मेहनत गरिरहेका छौं ।

***अन्त्यमा, जनतालाई के भन्न चाहनुहुन्छ ?***

नेपाली जनताले के कुरा बुझ्नुपर्छ भने नेपालमा केही राजनीतिक परिवर्तनहरु त भए । राणा शासन गयो, पञ्चायती शासन गयो, संवैधानिक राजतन्त्र पनि गयो । यी सबै राजनीतिक परिवर्तनहरु थिए । तर सारमा राज्यसत्ता परिवर्तन भएकै थिएन र छैन पनि । सरकारमा जानेहरुको वर्ग, नैतिक चरित्र र धरातलमा केही पनि परिवर्तन भएन । नयाँ अनुहारहरु पुरानै राज्यसत्तालाई पुरानै ढंगले टालटुल पारेर भ्रम छर्दै सत्तामा बसिरहेका छन् । उनीहरुले केवल आफ्नो स्वार्थपूर्ति गरिरहेका छन् । यो कुरा जनताले बुझ्नुपर्छ र यसका विरुद्ध एकजुट भएर लाग्नु पर्छ ।

# सुदूरपश्चिम जनविद्रोहको केन्द्र बन्न गइरहेको छ : क्षितिज

***सुदुरपश्चिम सात नम्बर प्रदेशमा क्रान्तिकारी माओवादीको सांगठनिक अवस्था कस्तो छ ?***

आत्मगत हिसाबले कमजोर नै छ । संख्यात्मक हिसाबले सानो र चुस्त छ । तर पनि विचार दृष्टिकोण र वर्गीय पक्षधरताका हिसाबले साथीहरू अडिग हुनुहुन्छ । उहाँहरू सति सालझैं उभिनुभएको छ । पार्टी संगठन निर्माण र विस्तारको पहिलो आधार भनेको यही नै हो । यसैका आधारमा विचार, संगठन र क्रियाशीलतालाई जोडेर अगाडि बढाइरहेका छौं । अबका केही महिनापछि सांगठनिक संरचनाका हिसाबले यो विचार अभिव्यक्त हुँदैछ ।

अर्को महत्वपूर्ण कुरो जो जति साथीहरू बचेर रहेका छन्, ती सबै समाजमा स्थापित, जनताले पत्याएका र मेहनती र परिश्रमी हुनुहुन्छ । स्थापित स्थानीय नेतृत्व भएकाले समाजमा उहाँहरूको प्रभाव राम्रो छ ।  ती साथीहरू पार्टीको पहिचानका रूपमा रहनुभएको छ । मात्र थोरै सामुहिक प्रयत्न र क्रियाशीलता आइदियो भने सुदुपश्चिम सापेक्षित एक उचाइमा उठ्छ ।

तेस्रो कुरो भनेको सुदुरपश्चिम त्यहाँको भौगोलिक बिकटता हो । यो भनेको पार्टी संगठन विस्तारका लागि नकारात्मक उत्प्रेरणा हो । यसले उत्पीडित क्षेत्रको हिसाबले त्यहाँका जनतालाई एक ढिक्का बनाएको छ । क्षेत्रीय उत्पीडनबाट मुक्ति पाउन संघर्षको बाटो अबलम्बन गर्ने कुरालाई निर्विकल्प बनाउँछ । यिनै कुरालाई जीवन्तता दिने हो भने सुदुरुपश्चिम जुरुक्क उठ्छ ।

***संगठन विस्तारमा त्यहाँको आर्थिक जीवनले कत्तिको प्रभाव पारेको छ ?***

भौगोलिक विकटताले त्यहाँको आर्थिक जीवनमा ठूलो प्रभाव पारेको छ । उत्पादनका साधनहरू र स्रोतहरू पनि त्यहाँको जनसंख्याको लागि पर्याप्त छैनन् । स्थानीय साहुहरूको व्याज निकै महंगो छ । कतै कतै बैंकहरू छन् । बैंकले पनि चक्रवृत्ति व्याज लिने गर्दछन् । उत्पादनमा कमी, महंगो ब्याज र सरकारी उपेक्षा आदिका कारणले त्यहाँका जनतामा उत्साह छैन । वर्षमा दसैं, तिहारबाहेक धेरै महिनाहरू भारतमा बिताउँछन्, त्यहाँका जनताहरूले । किसानदेखि युवाहरूले विकास निर्माण र तत्काल भैहाल्ने युग परिवर्तनका कुराहरू पनि देखेका छैनन् । आर्थिक उत्पादन र समृद्ध जीवनले पनि मानिसलाई सपना देख्ने र परिकल्पना गर्ने बनाउँछ । सिंगो नेपालको समस्या हो यो । तर पनि सुदुरपश्चिममा यसको अभावको घनत्व सबैभन्दा बढी छ ।

विकास निर्माणका हिसाबले केन्द्रिय सरकारले निकै उपेक्षा गरेको छ । र, पहिलो कुरा त केन्द्रिय सरकारले विकास निर्माणका बजेटहरू एकदमै कम दिने गरेको इतिहास छ । दोस्रो कुरा यहाँको स्थानीय स्रोत परिचालन राम्रो छैन । ठेकेदारहरू, तस्करहरूको हातमा यहाँको वन पैदावार र जडिबुटी पर्ने गरेको छ । एकाध धनाढ्यहरूको हातमा प्राकृतिक स्रोतसाधन दोहनको जिम्मा परेको देखिन्छ । ठेक्कापट्टा दलालहरूको हातमा पर्ने र राम्रो काम नगरिकनै बजेट सिध्याउने गरेको देखिन्छ ।  दलाल र ठेकेदारहरूका विरुद्ध आक्रोशित स्थानीय जनमत छ ।

***गैरसरकारी संस्थाहरू कत्तिको क्रियाशील छन् ?***

सरकारको उपेक्षा र अनुपस्थितिको फाइदा उठाएर शासकको भूमिकामा आफूहरूलाई स्थापित गरेर राज गरिरहेका छन् एनजीओ र आईएन्जीओहरूले । सरकारलाई उत्पादन नहुने खेत, जग्गा र बारीहरूको कर तिर्दा पनि विकास नदिने तर एनजीओ र आईएनजीओहरूले कर नलिएरै सानोतिनो सुधार र विकासका कामहरू गरिदिने भएकाले एनजीओ र आईएनजीओप्रति बढी आकर्षण देखिन्छ ।

तर त्यहाँका एनजीओ तथा आईएनजीओ भनेका बढी काठमाडौं केन्द्रित छन् र तिनका कार्यालयहरू सुगम जिल्ला कैलाली र कञ्चनपुरमा रहेका छन् । जनताका बीचमा प्रचुर आशा र सपना त बाँड्ने तर केही पनि गरेर नपुर्‍याउने उनीहरूको चलन छ ।

***के कस्ता कार्यक्रमहरू त्यहाँको अनुकूलतामा लैजान सकिन्छ होला ?***

जनमुखी कार्यक्रमहरू बनाउँदा त्यहाँका केही विशिष्टताहरूलाई ख्याल राख्नु पर्दछ । त्यहाँ रहेको जलस्रोत उपयोग र वितरणमा पहिलो ध्यान पुर्‍याउनु पर्दछ । त्यो भनेको बिजुली उत्पादन, खाने पानी, सिन्चाइ, गिट्टी, बालुवा र ढुंगाको उत्पादन र समुचित वितरण हो । दोस्रो कुरा भनेको वन पैदावरको संरक्षण, उपयोग र वितरण हो । यसको समुचित उपयोग र वितरणले सबै ठाउँ र सबै गाउँको विकासमा टेवा पुर्‍याउँछ ।

तेस्रो कुरा भनेको अमूल्य जडीबुटीको संरक्षण, उपयोग र वितरण हो । चौथो भनेको यी सबैको अनुसन्धान, पहिचान र कम्पोजिशन निर्माण गर्न सक्ने प्राविधिक जनशक्तिको स्थानीय तहमा निर्माण गर्नु हो । यसका साथै एनजीओ र आईएनजीओहरूले अनाधिकारिक रूपमा जडिबुटी लगायतका प्राकृतिक सम्पदामाथि गरिरहेका अनुसन्धान, संकलन र पैठारीलाई रोक्नु हो ।

***दलाल संसदीय व्यवस्था रहेकै बेलामा यी कुराको सम्भावना त देखिदैन ?***

हाम्रो तर्फबाट त अबधारणा मात्र लाने हो । शायद तत्काल राजनीतिक प्रचार मात्र होला पनि । तर यसले मार्ग निर्देशनको काम भने गर्दछ । यो अबधारणाले स्थानीय जनतालाई सचेत बनाउँछ, विचारशील बनाउँछ र तर्क गर्ने बनाउँछ । यसपछि यो जनताका मागका रूपमा अघि बढ्छ । सरकारमा जो रहेका हुन्छन्, उनीहरूले कार्यान्वयन गर्नुपर्ने स्थितिको सिर्जना हुन्छ ।

यसले जनता र हाम्रो बीचमा रहेको सम्बन्धलाई गाढा बनाउँछ । अर्कोतिर हाम्रा जनवर्गीय संगठनहरू परिचालन र संगठन निर्माणमा निकै सघाउ पुर्‍याउँछ । माग र संघर्षमा जोडिंदा संगठनमा क्रियाशीलता आउँछ ।

***स्थानीय सरकारले के गरिरहेका छन् त ?***

उनीहरू त अहिले रनभुल्लमा छन् । के गर्ने के नगर्ने । कतिपय कानुनी व्यवधानहरू सिर्जना भएका छन् । कतिपय क्षमता नपुगेका पनि छन् । अरु कतिपय अन्तरविरोधका कुराहरू पनि छन् । प्रस्टता छैन । कामहरू असरल्लै छन् ।

चर्को कर लगाउन थालेपछि जनता पनि उनीहरूलाई सहयोग गर्ने पक्षमा छैनन् । आशा मरिसकेको छ जनताको उनीहरूप्रति । निर्वाचित भएको एक वर्ष पनि भएको छैन । तर वितृष्णा निकै चुलिएको छ ।

***जनताको चासो केमा छ ?***

जनताका चाहना असीमित छन् । तर केही चासो र चिन्ता भने निकै जायज छन् पनि । जनताले हालको संविधानको मौलिक हकको रूपमा स्थापित गास, बास, कपास, शिक्षा र स्वास्थ्य लगायतका सबै कुराहरूमा सरकारले उचित ध्यान देओस् भन्ने चाहेका छन् ।

जनताको चासोमा कतिपय उनीहरूका वैयक्तिक पनि छन् । तर धेरैजसो त सार्वजनिक र साझा पनि छन् । बाटोघाटो, वनजंगल, जडीबुटी, शिक्षा, स्वास्थ्य, रोजगारी, महंगी, भ्रष्टाचारी, दलाली तथा हत्या र असुरक्षा जस्ता कुराहरू उनीहरूका सार्वजनिक चासोका कुराहरू हुन् ।

सरकारले यो क्षेत्रका जडीबुटी संरक्षण र वितरण गर्न सकिरहेको छैन । तराइका जिल्लाहरूमा कमैया कम्लहरीलाई मुक्त गरिएको भनिएको छ । तर तिनीहरूको बस्ने घर, जोत्ने जग्गा र खाने गासको ग्यारेन्टी छैन । आजका दशवर्षसम्म उनीहरू त्यसै सडक किनारामा बसिरहेका छन् । उत्पादन, उपभोग र वितरणका लागि कृषि सहकारीहरूको जरुरी छ । तर त्यसको कुनै कुनै परिकल्पना र प्रयोग गरिएको छैन ।

सहकारीहरू निर्माण गर्‍यौं भने आत्मनिर्भर अर्थतन्त्रको जग बस्न सक्ने थियो । हामीहरूले यसका खाका जनताका बीचमा लैजानु पर्छ, बहस चलाउनु पर्छ र जनताको चेतनास्तर निर्माण गरेर कार्यान्वयनको तहमा पुर्‍याउनु पर्छ ।

***अवधारणाका हिसाबले त भयो । तर कार्यान्वयनको स्तरमा लैजान सांगठनिक अवस्था कस्तो छ ?***

हाम्रा संगठनका ससाना स्वरूपहरू सबै जिल्लामा छन् । त्यसलाई वृहत् बनाउन बाँकी छ । पार्टी यही संगठन निर्माणमा लागि परिहेको छ । अझैं पनि हाम्रा जनवर्गीय संगठनहरू निर्माण भएका छैनन् । जनसम्बन्ध सजीव बनाउन यिनको जालो वा संजाल बृहत रूपमा बनाउन जरुरी छ ।

त्यहाँको सामाजिक अवस्था हेर्दा जनताहरू बसाइँसराइँ गरिरहेका छन् । यसको मुख्य कारण खान र लगाउन नपुग्नु नै हो । शिक्षा र स्वास्थ्यका कुरा त अलि टाढा नै देखिन्छन् । भूमिवितरण पनि असमान छ । कतै मानिसहरू सघन भएर बसेका छन् । कतै उब्जाउ जमिन बाँझै छन् । यसले गाउँ छाड्ने र सहर भर्ने प्रक्रियालाई तीब्रता दिएको छ । जनताका यी सारा समस्या संबोधन गर्न आन्दोलन उठान गरी लैजान सक्षम पार्टी, मोर्चा र जनवर्गीय संगठनहरू निर्माण जरुरी छ ।

***तराइका जिल्लाहरूमा समस्याहरू कस्ता खालका छन् ?***

तराइका जिल्लाहरूमा केही बढी सघन नै छ बस्ती । सहरीकरण हुँदै गइरहेको छ । यो संभावना र चुनौती दुवै हो । रोजगारी केही मात्रामा भए पनि पाइन्छ । बस्नका लागि डेरा पनि महंगो वा सस्तो जस्तो भए पनि पाइन्छ ।

अर्कोतिर नेपाल तर्फको सीमा भारतीयहरूले दिनदिनै अतिक्रमण गरिरहेका छन् । सीमामा रहेका नेपालीहरूको जग्गा भारतले मिचिरहेको छ । उनीहरू निकै पीडामा छन् । तर सरकारले यसलाई वास्ता गरिरहेको छैन । हामीले सीमाका ती वासिन्दाहरूमा सीमाका बारेमा धेरै जानकारी दिनु पर्दछ । अन्तर्राष्ट्रिय सन्धिसंझौता, महासन्धि तथा अनुवन्धहरूको बारेमा केही न केही जानकारी गराउनु पर्दछ । उनीहरूलाई दशगजाका बारेमा ज्ञान दिनु जरुरी छ । पञ्चशीलका सिद्धान्तहरूका बारेमा जानकारी गराउनु जरुरी छ ।

# गृहमन्त्री थापा पार्टी अन्तरविरोधको शिकार



काठमाडौं । एकताका सबै कुरामा गृहमन्त्रालयको 'रामबाण' प्रयोग गरेर तह लगाइ छाड्ने उद्घोषका साथ कार्यभार सञ्चालन गर्न पुगेका गृहमन्त्री रामबहादुर थापा अहिले थलिँदै गएका छन् । केपी ओलीको सरकारलाई सफल बनाउन उनी कम्मर कसेरै लागि परेका देखिन्थे । जनयुद्धअबधिभर पुष्पकमल दाहालले भित्तामा पुर्‍याएर पाखा लगाएपछि केपी ओलीको पालामा गृहमन्त्री भएर आफ्नो 'ख्वाब' देखाइ छाड्ने ध्याउन्नमा उनी लागेका हुन् ।

संविधानसभाको संक्रमणकालमा थापा पुष्पकमल दाहालको नेतृत्वमा बनेको सरकारमा रक्षा मन्त्री हुन पुगेका थिए । त्यसबेला पनि केही त 'गरेरै देखाइदिने' भनी उनी अघि बढ्न खोजेकै थिए । तात्कालीन प्रधान सेनापति रुक्माङ्गद कटवाललाई दाहालको सरकारबाट कारवाही गरी पदच्यूत गर्न पनि लगाए । तर उनकै मातहतमा रहेको सेनाले उनलाई र उनको सरकारलाई आधा रातमा राजीनामा दिने बनायो । तात्कालीन प्रधान सेनापति कटवालले उल्टै शक्ति देखाइदिए पछि पुष्पकमल दाहाल आधारातमा राजीनामा दिएर पारिवारिक निवासतिर भागेका थिए । थापा आफू खोसुवामा परेका थिए ।

सरकार छाडेर भागेको केही दिनपछि पुष्पकमल दाहालले त यतिसम्म पनि भनेका थिए कि 'यो रामबहादुरले युद्धकालमा पनि सतायो र अहिले पनि सतायो । यसकै लिंडे ढिपीले हुँदाखाँदाको सरकार छोड्नु पर्‍यो ।' पुष्पकमल दाहालको स्वीकारोक्ति छ कि जनयुद्धताका थापालाई बेलैमा तह लगाउन नसकिएको भए दाहालको यो उचाइ बन्ने नै थिएन । उनको संश्लेषण छ थापालाई सांस्कृतिक केसमा तह लगाएपछि बाबुरामलाई एकोहोरो गाली गरेर संसदीय शासनसत्तामा उक्लिन पाइयो ।

कटवाल प्रकरण र आन्तरिक अन्तरविरोधका कुरा अलि बढी चर्को र पेचिलो भएपछि थापाले दाहाल क्याम्प छाडेर एक्लै लुखुरलुखुर वैद्य क्याम्पमा छिरेका थिए । पछि केपी ओलीको मुखौटे राष्ट्रवादप्रति उनी निकै आकर्षित हुन पुगे । वैचारिक भन्दा पनि बढी सेन्टिमेन्टल र भोलाभाला स्वभावका उनी वैद्य माओवादीबाट ठूलै जमात लिएर दाहालको पार्टी माओवादी केन्द्रमा प्रवेश गरे । त्यहाँ गएपछि उनी एमालेसँग एकताका कुरा भित्रभित्रै गर्न लागे । यसबाट दाहाल निकै अत्तालिए । कांग्रेससँग आफ्नी पुत्री रेणुलाई जिताउन मिलेर दाहालले जे हर्कत गरे त्यसमा तीखो असमति राखे थापाले ।

'पार्टी एकता'का कुरा चल्दा थापा एमालेतिर र दाहाल कांग्रेसतिर जस्ता देखिए । एमालेसँग एकता गर्ने पल्ला निकै भारी भएर गयो । थापाले बदला लिन थाल्यो भन्ने चिन्ताले दाहाल निकै तरंगित हुन पुगे । पारिवारिक स्रोतका अनुसार उनी कहिलेकाहीं रातमा बर्बराउन पनि थाले । थापा र जनार्दनसहितको ठूलो पङ्क्ति आफूकहाँ आउने भएपछि ओलीले दाहालको माखौल उडाउने र टेरपुच्छर नलगाउने गर्न थाले । दाहालका आगामी दिनहरू धरापमा परिणत हुने भए ।

दाहाल रुँदै विद्यादेवी भण्डारीकहाँ पुगे । राजनीतिक आश्रयको भीख मागे । कुनै पनि र कहिल्यै पनि गल्ती नगर्ने हजार कसम खाए । नेता मदन भण्डारीको जन्मदिन पारेर उनीहरू सबै एमालेमा प्रवेश गरे । तर संघीय चुनावमा थापालाई उम्मेदवार हुनबाट बञ्चित गरियो । उनले दाहाललाई 'कहिल्यै नसघाउने र विद्रोह गर्ने' चेतावनी दिए । त्यसपछि दाहालले उनलाई राष्ट्रिय सभामा मनोनित गरे । थापाले उपप्रधानमन्त्री तथा गृहमन्त्री दिएपछि मात्र दाहाललाई सघाउने नत्रभने 'कट्टी' गर्ने चेतावनी दिए । दाहालको भागमा परेको गृहमन्त्रीमा दाहाल र थापाको रस्साकस्सी देखेपछि ओलीले जनार्दन शर्मालाई गृहमा प्रस्ताव गरेका थिए । यसले दाहाल र थापालाई झस्कायो र एकजुट बनायो । ओली अन्ततः थापालाई गृहमन्त्री बनाउन बाध्य भए ।

तर शासनसत्ताको कुरो न हो । वरिष्ठताको कुरा आयो । दाहाल बादललाई उपप्रधानमन्त्री बनाउन तयार भएनन् तर ओलीले सोको प्रस्ताव राखे । यसका विरुद्ध पूर्व माओवादी केन्द्रका महरादेखि जनार्दन र वर्षमान तथा शक्ति बस्नेतसम्म उठिबसे । बादल उपप्रधानमन्त्री बनाइएनन् । दाहालका सहयोगीहरूको दाहाललाई जबाफ थियो- 'अडान र थल नभएको मानिसलाई काखी च्याप्नुस्, हामी बाहिरै बसौंला ।' यो जबाफले दाहालको सातो उड्यो । उनले थापा उपप्रधानमन्त्री हुन नसक्ने कुरा राखे । यो ओलीका लागि 'असार १५ को दहीच्युरा' साबित भयो । उनले थापाको कानमा कनसुत्लो हालिदिए ।

थापा रौसिए । उनले यातायात सिण्डिकेट ठीक गरेर देखाइदिने बाचा गरे । हल्लाखल्ला पनि गरे । तर उल्टै सिण्डिकेटले उनलाई ढुस पारिदियो । सिण्डिकेट खोज्दै जाँदा उनी ओली र दाहालको दैलो नजिकै पुगे । झङ्ग झस्किएर फरक्क फर्किए ।

त्यसपछि उनी सुन तस्करको पछि लाग्न थाले । साना र ठूला माछाको कुरा पनि गरे । तर आफ्नै पार्टीका शीर्ष दुई नेता पनि तानिने भएपछि त्यो प्रयास पनि बालुमा खन्याएको पानी झैं भयो ।

उनी त्यसपछि ठेकेदारका पछि लागे । ठेकेदारहरूको पिछा गर्दा एकदिन शारदाप्रसादको आँगनमा पुगेछन् । यो दाहाललाई प्रदान गरिएको आलिशान निवास रहेछ । केपी ओली र दाहाल बसेर कुरा गरिरहेको बखत रहेछ । पटकै पटक आफ्नै निवासको वरिपरि मात्र घुमेको दख्दा दाहालले हप्काए छन् । ठेकेदारको किस्सा पनि यहीं सकियो ।

उनी त्यसपछि विचौलियाका पछि लागे । उर्दी पनि जारी गरे । ठाउँका ठाउँ कारबाही गरिने भनेर । तर उनको पार्टीको चन्दा जम्मा गर्ने उनीहरू नै रहेछन् । उनी त्यसबाट पनि पछि हट्न बाध्य भए ।

अन्त्यमा, उनी कञ्चनपुरको १३ वर्षिया बालिका निर्मला पन्तका बलात्कारपछिको विभत्स हत्या घटनाको छानबिनमा पनि असफल रहे । तात्कालीन नेपाली सेनाले असहयोग गरे झैं हाल उनकै मातहत गृहका कर्मचारीले पनि उनलाई टेरेनन् । उनले आफ्नै मन्त्रालयको सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरे । कञ्चनपुरका सीडीओ र डीएसपीलाई फिर्ता बोलाए । नयाँलाई जिम्मा दिएर पठाए । तर अझैं पनि अनिश्चित छ हत्यारा पत्ता लाग्ने हो वा होइन । तर यो कुरा पक्कै हो कि गृहमन्त्री थापा आफ्नै पार्टीभित्रको अन्तरविरोधको नराम्ररी शिकार भइरहेका छन् ।

# बढाइएका करहरू सबै सामन्ती करमा आधारित

काठमाडौं । पूर्वी नेपालमा पुगेर देशका प्रधानमन्त्री ओलीले भने हजार 'उत्पादन गर्नुस्, कर लाग्दैन, तर बेच्नुभयो भने कर लाग्छ ।' उत्पादन गर उपभोगका लागि मात्र, बेच्नका लागि होइन भन्ने अर्थ लाग्ने ओलीको सामन्तवादी सोच आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्रका लागि निकै घातक छ । बेचे कर लाग्छ, खाऊलाऊ । बस् यही हो ओलीको आर्थिक समुन्नतिको मोडल ।

नेपाल जस्तो आर्थिक विकासमा पछि परेको देशका लागि उत्पादन बढाऊ कर छूट गराऊ भन्ने मोडल हुनु पर्ने थियो । तर देशमा व्याप्त सामन्तवादी र जीविकोपार्जनमुखी टुक्रे उत्पादन त्यो पनि नबेच्नका लागि गरियो भने देश कहाँ पुग्ला ? किनकि बेचेमा ओलीको कर लाग्ने भयो । ओली आफैले व्यापार तथा पारवाहन सन्धिका कुरा गर्ने गरेका छन् । केका लागि यी संधि गरिएका हुन् ? ओली अनभिज्ञ छन् यो कुरामा । जनतालाई राज्यले अनुदान दिएर उत्पादन बढाएर विदेशको पैठारी बढाउनतिर उत्पादन मोडल बनाउने कि एउटा भैंसी, एउटा कुखुरा, एउटा अण्डा बेचेकोमा जनतामाथि कर लगाउने ?

अनावश्यक र आश्चर्यजनक रूपमा तीनै तहका सरकारहरूले आकाशिंदो करको सीमा तोकेपछि देशको उत्पादन तथा विरण प्रणालीमा निकै ठूलो असर परेको छ । यसले देशको बचेखुचेको थारै आत्मनिर्भता पनि अब परनिर्भरतामा लगेर देशमा भयाबह आर्थिक अवस्थाको सिर्जना गर्दै छ ।

पहिलो कुरा त सेवा दिएर कर लिनु उत्तम विधि र प्रक्रिया हो । विश्वका सबै देशहरूमा यो विधि लागू छ । तर नेपालमा भने यसको विपरीत विचित्रको अवस्था सिर्जना हुन गएको छ । जनता तीन छक परेका छन् । सेवासुविधा, अनुदान र सस्तो व्याजमा ऋणको व्यवस्थाको कुरा नै छैन । यथास्थितिको बिकराल आर्थिक अवस्थामा घरायशी लेनदेन र व्यवहारका लागि गरिने विक्रिबट्टोको लागि पनि कर लिने व्यवस्था गरिएको छ ।

दोस्रो कुरा, जनता विश्वासमा आएमा वा सरकारलाई विश्वास गरेमा पहिले कर उठाऔं र देश बनाऔं, त्यसपछि कर नलगाएर देश विकास गरौं भनी आउने अवस्था पनि छैन । किनकि यो कर देश बनाउनका लागि होइन । निर्वाचित भनिएका ती प्रतिनिधिहरूका लागि गाडी खरिद गर्न, आसेपासे पोसाउन र शान देखाउनका लागि हो । त्यसैले जनता यसका लागि तयार छैनन् ।

तेस्रो कुरा, देशमा आर्थिक संकटकाल घोषणा गर्ने वा गरिने अवस्था पनि सिर्जना भएको छैन । प्रधानमन्त्री ओलीले खर्बौ रूपैया आफ्ना आसेपासेहरूलाई बाँडिरहेका छन् । विदेश भ्रमणमा जाँदा जन्ती नै लिएर बोइङ जिर्भ गरेर जाने गरेका छन् । त्यसको ऋृण सरकारी कोषमा खर्बौं रूपैयाँ छ । त्यसैले किन तिर्ने जनताले अनवश्यक कर ? जनताले प्रम ओली र तिनका सरकारको लूटका लागि कर उठाउन मञ्जुर छैनन् ।

# सबै स्थानीय सरकारहरूमाथि छानबिन जारी




काठमाडौं । स्थानीय सरकारले चर्को कर लगायो भन्ने बाहनामा केन्द्र सरकारले संपूर्ण कागजातहरू केन्द्रमा झिकाउने र छानबिन गर्ने भएको छ । यसका लागि केन्द्रीय अर्थ मन्त्रालयअन्तर्गत एक छानबिन समिति पनि निर्माण गरेर आदेश जारी गरिसकेको छ । प्रदेश र स्थानीय सरकारका विपक्षमा रहेको ओली सरकारलाई यो विषय ढुंगो खोज्दा देउता मिलेको जस्तो हुनपुगेको छ ।

स्थानीय जनतालाई सेवा र सुविधा नदिइकन एक्कासी जे कुरामा पनि कर लिने निर्णय स्थानीय सरकारहरूले गरेपछि जनता आक्राशित भई सडकमा निस्कन थालेका छन् । यो सत्य हो कि खोला तर्दा पनि कर, गाई बाख्राको पनि कर, कुकुरको पनि कर, जन्मे पनि कर र मरेपनि कर लगाउने उट्पट्याङ निर्णय गरेपछि स्थानीय जनता स्थानीय सरकारहरूका विरुद्धमा छन् ।

तर धमिलो पानीमा माछा मार्न पल्केको ओली-दाहालको चुइँया सरकार यही निहुँ बनाएरस्थानीय तथा प्रदेश सरकार खारेजीको षड्यन्त्रमा लागेका छन् । 'के निहुँ पाउँ, कनिका बुकाउँ' भने झैं प्रदेश तथा स्थानीय सरकारलाई केन्द्रका कर्मचारीको मातहत 'साइजमा ल्याएर' ल्याएर कार्यबाहीको भागिदार बनाइँदै छ ।

स्थानीय तथा प्रदेशका सरकारहरू उनीहरूलाई हटाउने प्रावधान पनि नभएको, अविश्वासको प्रस्ताव ल्याउने विधि पनि नराखिएको, किनेर पैसा हाली मूल्य तिरेर दुईतिहाई बहुमत ल्याएको र दादा तथा गुण्डाहरू पनि आफ्ना साथमा रहेकाले कसैले हल्लाउन नसक्ने साँढे भई हिंड्न थालेका थिए । उनीहरूको मनपरि र अज्ञानताले पहिलो गाँसमा ढुंगा लगाउन पुगेका छन् ।

साधारण जनतालाई लाग्न सक्छ केन्द्र सरकारले छानबिन गरी कर हटाइदिने छ । तर राजनीति हो, केन्द्रको शक्ति प्रदेश र स्थानीय सरकारहरूमा जाँदा ओलीदाहाल रित्तो हात फिँजाएर मागेर खाने संयोजनकारी भूमिका रहन तयार छैनन् । उनीहरू जसरी पनि प्रदेश र स्थानीय तहको अधिकार खोस्ने मनशायका साथ लागि परिरहेका छन् ।

पुष्पकमल दाहाल त केको संयोजनकारी भूमिकामा रहनु ? उनी त झन् ओली भन्दा एक हातमाथि भएर कार्यकारी राष्ट्रपतिको खोजीमा छन् । एउटा कार्यकारी राष्ट्रपति र अर्को भित्ते राष्ट्रपति ! देलान् त यिनले प्रदेश र स्थानीय सरकारलाई अधिकार ?

स्थानीय सरकारहरूको बहुलट्ठीपन, कुबुद्धि र केटाकेटी पारा ओलीदाहालको शक्ति हत्याउने माध्यम बन्न पुगेको छ ।

## अब...

र मेयर साप् विष्टका आफन्त पनि बिना ढिलाई छानबिनको दायरामा ल्याइने छन् ।

यसपछि २९ दिनसम्मको कर्तुत, गोली प्रहार, हत्या र अपराधी संरक्षण तथा मतियारका रूपमा गृहमन्त्री बादल पनि मजाले तानिदै छन् । ओली सरकारका तात्कालीन कानुन मन्त्री शेरबहादुर तामाङपछि गृहमन्त्री बादल अब राजीनामा दिने लाइनमा पर्न गएका छन् ।

जनताले यो लम्बेथान षड्यन्त्रका मुख्य नाइके र संरक्षकका रूपमा गृहमन्त्रीलाई हेरिरहेका छन् । उनले नगर्नु गल्ती पनि गरेका छन् । निर्दोष मानिसहरूको हत्या गर्न आदेश दिएका छन् र हत्या गराएका छन् । सैयौंलाई घाइते र अङ्गभङ्ग समेत् बनाएका छन् ।

जनतामा सत्यतथ्यको खोजी गरी पीडितलाई न्याय दिलाउने ठूलो हुटहुटी छ । प्रतिवद्धता पनि छ । एकता पनि छ । जनताको आशा छ भर्खरै बनेको संहितामा उल्लेख गरिएका सजायका धारा तथा उपधाराहरूले हालका गृहमन्त्री बादललाई पनि कानुनभन्दा माथि नराख्ला ?

उनले भर्खरै मात्र कञ्चनपुरका प्रदर्शनकारीलाई दमन गर्न आदेश दिंदा उनका प्रहरीले चलाएको गोली लागेर १४ वर्षीय सनी खुनाको मृत्यु भएको छ । जनताको स्वतस्फूर्त विरोध प्रदर्शनलाई घुसपैठको संज्ञा दिएर बर्बर श्वेत आतंकको सहारा लिंदै गएको सरकार जनहत्यामा उत्रिएको छ ।

यी सबैको एकमुष्ठ प्रहार सिधै गृहमन्त्री बादलमाथि जाने छ । यसको पदीय, नैतिक, निर्देशन, आंगिक तथा क्रुरता र अमानवीयताको जिम्मेवारी उनैले लिनुपर्ने छ ।

# बेलायतले बनाइदिने भूमिगत रेल कि सुरूङ ?

झट्ट सुन्दा त नेपालमा चीनले रेल ल्याइदिने भयो त्यो पनि काठमाडौंसम्म । भारतले रेल ल्याइदिने भयो, त्यो पनि काठमाडौंसम्म । गर्दा गर्दा त अब बेलायतले काठमाडौंभित्रै भूमिगत रेल नै घुमाइदिने भयो । सुन्दा रमाइला लाग्ने र ओली सरकारका त्राण धान्ने कथा तथा किम्बदन्ती त यी सबै हुन सक्लान् नै । तर यथार्थमा नेपाल र अझ त्यसमा पनि राजधानी शहर काठमाडौं अब क्रमशः विश्व शक्ति राष्ट्रहरूको सघन खेलमैदानमा परिणत हुँदै छ ।

भारतीय तथा युरोपीय योजनाबद्धतामा बाहिर हेर्दा स्वरूपमा 'वाम' सरकार निर्माण गरिदिएका छन्, तर भित्रभित्र भने नेपाललाई विश्व शक्ति राष्ट्रहरूको रणनीतिक ट्रान्जिट बनाउने काममा यी सबै लागि रहेका छन् । वर्तमान सरकार भारतयुरोप मिलेर बनाइदिएका हुनाले यो ओली सरकारमाथि उनीहरूको स्वामित्व, निर्देशन र दबाब नाङ्गै देखिन्छ । चीन भ्रमण जानुपूर्व ओली दिल्ली गएर नेपालका सबै कूटनीतिक तथा वैदेशिक स्वत्व, एजेण्डा र मौलिकता हस्तान्तरण गरेर आएका थिए ।

यसैका आधारमा भारतीय प्रम मोदी चीन गएर सारा नेपाली हित, मौलिकता र स्वत्व सबै 'सेबोटेज' गरी हैसियतरहित बनाएर आएका थिए । ओली यतिसम्म निकम्मा र निरीह बनाइएका थिए कि उनले चीन भ्रमणमा देखाउनका लागि निकै ठूलो तामझाम गरे पनि केके न केके संझौताहरू गरिए भनेर डंका पिट्दासम्म पिटेर आखिर स्वतन्त्र र सार्वभौम राष्ट्र र राष्ट्र प्रमुखको हैसियतअनुसार गरिनु पर्ने 'प्रोटोकल'मा समेत हस्ताक्षर गर्नबाट च्युत भई खाली हात नेपाल फर्केका थिए । बिडम्बना ! आजसम्म त्यो प्रोटोकलमा हस्ताक्षर हुन सकेको छैन ।

छिमेकी देश नेपालमा चीनविरोधी रणनीति र गतिविधिले जरो गाड्न थालेको अवस्थामा चीनले पहिले ल्हासा-काठमाडौं-लुम्बिनीसम्म रेल ल्याइदिने कुरा गर्‍यो । तर प्रम ओलीले 'लुम्बिनी लैजान भारतले नमान्ने भो' भनेर चीनसँग रोइधोइ गरेपछि ल्हासा-काठमाडौं रेल ल्याइदिने कुरामा सीमित भयो । चीनको पनि आफ्नै स्वार्थ छ । यसले भित्रीरूपमा आफूविरुद्धका गतिविधि हुन नदिन काठमाडौंसम्म रेल ल्याइदिने कुरा गरेको छ ।

भारत र पश्चिमा देशहरू पहिल्यैदेखि नेपालमा के गरी रणनीतक अड्डा जमाउने भनेर उपयुक्त मौका निर्माण गर्न लागि परिरहेका थिए । उनीहरूले दिल्लीमार्फत् विभिन्न ट्रायल र प्रयोगहरू पनि गरे । यसअघिको ओली-दाहालको सरकारबाट दाहाललाई झिकेर ओलीलाई सत्ता च्यूत गरेर पनि हेरे । तर त्यसको नमीठो स्वाद भारतले भूटानको दोक्लाममा चाख्यो । चीनले विश्वमा बेइज्जत हुने गरी भारतलाई ठूलो झड्का थियो । त्यसपछि भारत लगायत पश्चिमाहरू रक्षाकवजको खोजीमा लागे ।

देउवा-दाहालको स्थानीय सरकारको निर्वाचनमा राम्रै गठजोड थियो । यसलाई प्रदेश र संघीय चुनावमा निरन्तरता दिने र देउवा-दाहालको सरकार निर्माण गरिदिने दिल्लीको सोच पछिसम्म पनि रहेको देखिन्छ । तर अमेरिका, बेलायत र युरापीय युनियन भने ओलीदाहालको सरकार निर्माण गरेर त्यसलाई आफूहरूको योजना लागुगर्ने चीन विरोधी रक्षाकवजका रूपमा प्रयोग गर्ने सोचमा थिए । निकै लामो छलफल भएको थियो उनीहरूमा । आखिरमा ओलीदाहालकै गठजोड बनाएर चीनविरुद्ध लड्नेबेला सहयोगी सिद्ध हुने वामपन्थी धाराको 'क्यामोफ्लेज' सबैभन्दा उचित हुने निष्कर्षमा उनीहरू पुगे ।

यसमा अमेरिका र बेलायत तथा युरोपीय युनियनले भारतको एउटा शर्त स्वीकार गरे । त्यो थियो, वाम नामको 'सिखण्डी'को सरकार भारतको प्रत्यक्ष हस्तक्षेप र निर्देशनमा बनाउने तर अमेरिका, बेलायत र युरोपीय युनियन पर्दा पछाडि रहने । यो कुरा पारित भयो । क्षणभरमा ओली-दाहालको एकताको नाटक मञ्चन भयो । वाम गठजोडहुँदै पार्टी एकता पनि भयो । बहुमतको सरकार निर्माण गरियो ।

चीन आफूलाई कम्युनिष्ट भन्छ । उसलाई छल्न, छक्याउन, फसाउन, सहकार्य गर्न, नतर्सन र घुलमेल हुन कम्युनिस्ट नै चाहिन्छ । साम्राज्यवादीहरूलाई 'भेंडाको छाला ओढेको ब्वाँसो' आवश्यक थियो । उसले नेपालको भूराजनीतिक अवस्थिति, नेपाली जनताको भावना र कम्युनिस्ट बाहुल्य मतका साथै चीनको प्रत्यक्ष स्वार्थ आदिलाई गंभीरतापूर्वक मनन् गर्दै कांग्रेस नभएर 'वाम' खोल निकै उपयुक्त ठहर गरेको थियो । त्यही बनाइयो ।

अहिले देश महंगीले आक्रान्त छ । विकासको नाममा सिन्को पनि भाँचिएको छैन । निर्माणाधीन पुरानै कामहरूलाई निरन्तरता पनि दिइएको छैन । भूकम्प पीडितका लागि आएको विदेशी अनुदान रकम आफ्ना मानिसहरूलाई बाँडेर स्वाहा पारिसके । बाटाघाटा काठमाडौंमा पनि हेर्न लायकका छैनन् । सामान्य यात्रा पनि सहज छैन । जे कुरामा पनि कर लगाउने भन्दा अर्को विकल्प नै नदेखेको यो सरकारका विरुद्धमा जनता सडकमा ओर्लिइ रहेका छन् । देश डुब्दै छ ।

तर आश्चर्यको कुरा, नेपालमा 'बुलेटप्रुफ' लगायतका 'मेट्रो', 'मोनो' र भूमिगत रेलहरू चलाउने भनी संभाव्यताको खोजी भइरहेको छ । चीनको टोली आएको छ, भारतको रासोबासो यहीं छ । अहिले त झन् बेलायत पनि थपिएको छ । नेपालमा रेल कुदाउने संभाव्यता र सुरुङको खोजी हो कि संभावित साम्राज्यवादी लडाइँको संभाव्यता र सुरुङको खोजी हो ? ओली-दाहालको मुखमा चुकुल र नाकमा ठेंडी किन लागेको छ ?

नेपाली जनता बेलैमा सतर्क हुनुपर्छ । अब देश अन्तर्राष्ट्रिय साम्राज्यवादी युद्धको खेल मैदानमा परिणत हुँदै छ ।

# रोहिंग्या शरणार्थी अझै पनि असुरक्षित



काठमाडौं । म्यानमारबाट लखेटिएका ७ लाख रोहिंग्या मुसलमानहरूले बंगलादेशको विदेशी भूमिमा शरणार्थी जीवन बिताइरहेका छन् । तर उनीहरूको स्वदेश फर्कन सक्ने अधिकार अझै पनि सुनिश्चित हुन सकेको छैन । उनीहरूले शरण लिएको देशमा पनि उचित बसोबास र वैकल्पिक बसाइको व्यवस्था हुन सक्ने पनि देखिएको छैन ।


अन्तर्राष्ट्रिय संघसंस्थाहरूले निकै चर्कोचर्को प्रचार गरे यसका बारेमा। रोहिंग्याका मानव अधिकारका कुरा पनि निकै गरे । तर बंगलादेशी मूलका मानिने यी मुसलमान समुदाय आजसम्म पनि शरणार्थी शिविरहरूमा जीवनयापन गरिरहेका छन् ।

यो समुदाय म्यानमार फर्कंदा आफूहरू निकै नै असुरक्षित रहेको बताइरहेको छ । अर्कोतिर बांगलादेशमा उनीहरूको राम्रो र उचित भरणपोषण पनि हुन सकिरहेको छैन । बृद्धबृद्धा विरामी छन् । वालवालिका शिक्षाबाट बञ्चित भएका छन् ।

कुपोषण र रोगले ग्रस्त यो समुदाय निकै तनावमा बाँचिरहेको छ । म्यानमारकी प्रधानमन्त्रीले उनीहरूका बारेमा कुरा गर्न छाडिसकेकी छन् । अन्तर्राष्ट्रिय समुदायले यी मुसलमान भएका कारण सामान्य चासो बाहेक अरु केही पनि राखेका छैनन् ।

पहिले पहिले अमेरिकी तथा युरोपीय देशहरूमा शरणार्थी लैजाने चलन थियो । तर त्यो पनि हालका दिनहरूमा ती देशहरूमा आप्रवासन नीति कडा पारिएकाले संभावना नै छैन । एक वर्ष विदेशी भूमिमा बिताइहँदा रोहिंग्याहरूले आफ्ना शिविरहरूका वरपर परिक्रमा गरेर भए पनि नारा, जुलुश र विरोध प्रदर्शन गरेका छन् । उनीहरूले आफ्नो भूमि, माटो र आफ्ना अधिकारहरूको खोजी गरिरहेका छन् ।

# तिब्बततिरको रेलको संभाव्यता अध्ययन पूरै बाँकी




काठमाडौं । भारत र बेलायती देशहरू कसैले तराइबाट काठमाडौंसम्म त कसैले काठमाडौंमै भूमिगत रेल बनाउने कुरा गर्दैगर्दा चीन र नेपालको संभाव्यता अध्ययन टोलीले संयुक्त रूपमा नेपालतिरको संभाव्यता अध्ययनको काम सकिएको जनाएको छ ।

नेपालतिरको संभाव्यता अध्ययन सकिएपछि चीनतिरको तिब्बतीभागमा पनि संभाव्यता अध्ययन गरिने चिनियाँ टोलीले जनाएको छ । तर यो केही लामो समय लाग्ने निश्चित नै छ ।

हालको अध्ययनले भनेको छ नेपालमा संभाव्यता ठीक छ रेलका लागि । तर यहाँ केही प्राविधिक चुनौतिहरू छन् । एउटा त भूगोल र भौगर्भिक बनोट कच्चा छ । दोस्रो चीनको तिब्बतबाट नेपाल वा काठमाडौं आउँदा निकै ओह्रालो र भिरालो छ । तेस्रो भूकम्पीय जोखिम ज्यादा छ । चौथो, सुरुङ निर्माण र पुल निर्माण नै रेलको संभाव्यता अध्ययनले देखाएको छ । यी सुरुङहरू र पुलहरू निकै लामा र कठीन हुने छन् । पुलहरू मात्र १९ वा २० किलोमटरका लामालामा हुने छन् ।

अर्को कुरा तिब्बती प्लेटमा सुरुङ निर्माण कठीन छ । किनकि यो निकै साह्रो एउटै प्लेटले बनेको छ ।

नेपालमा पनि लाङटाङ राष्ट्रिय निकुञ्जबाट रेल जाने भएकाले कसरी लैजाने भन्ने समस्या आइपरेको छ ।

# भेनेजुएलाविरुद्ध अमेरिकी कूट युद्ध



काठमाडौं । पछिल्लो चरणमा रक्षात्मक नीति अख्तियारी गर्दै आएको अमेरिकी साम्राज्यवाद त्यसमा पुनमूल्यांकन गर्दै आक्रामकतातिर फर्कन लागेको देखिनथाल्दा त्यो ल्याटिन अमेकी देशहरूमाथि जाइ लागेको छ । त्यसमा पनि अमेरिका बढी त भेनेजुएलामाथि खनिन पुगेकको छ ।

भेनेजुएला भने अमेरिकी साम्राज्यवादलगायतका अन्य विदेशी अतिक्रमणकारीहरूका विरुद्ध जुधिरहेको छ । केही दिन पहिले सैन्य प्यारेडमा ड्रोन आक्रमण गरपछि पनि आक्रमणका अन्य स्वरूपहरूलाई अमेरिकी साम्राज्यवादले निरन्तर अबलम्बन गर्दै आएको देखिएको छ ।

त्यसमा सबैभन्दा बढी हल्ला गर्न र विदेशमा समवेदनात्मक तथा भावनात्मक सन्देश फैलाउने चारा जुटाउन अमेरिकाले विभिन्न वाहनामा भेनेजुयली जनतालाई विदेश पलायन गराउने वातावरण सिर्जना गर्न थालेको छ । हाल छिमेकी देश कोलम्बियाको सीमानामा रहेका भेनेजुयली जनतालाई रातारात कोलम्बिया पास गराएर त्यहाँबाट पेरुतिर पठाउने गरिरहेको छ । पेरुमा पुर्‍याएर अमेरिकी सहायता सहयोग गर्ने र रोजगारी दिने हल्ला अमेरिकाले फिँजाउँदै आएको छ ।

तर सीमा पार गराइएका भेनेजुयली जनता कोलम्बियामा नै बस्ने हुन् कि भन्ने डरले कोलम्बियाली सरकारले भेनेजुयलीहरूले पासपोर्ट लिएर आउनु पर्ने नियम बनाएर लागु गर्न थालेको छ । यसले अमेरिकीले भेनेजुयली सरकारमाथि प्रयोग गरिरहेको कूटयुद्धलाई अप्ठेरो पारेको छ ।

शायद भेनेजुयला खाने बाघले कोलम्बिया पनि खान बेर छैन भन्ने उसलाई थाह भएको हुनुपर्छ ।

# कोरियालीहरूको मेल नै कोरियाली प्रायद्वीपको शान्तिको आधार



काठमाडौं । पछिल्लो चरणमा आएर उत्तर तथा दक्षिण कोरिया लगातार वार्ता र जीवित संपर्कमा छन् । एकाध पारिवारिक मिलन पनि भइरहेका छन् । यो विश्व मानव समुदायका लागि सुखद कुरा पनि हो ।

यसका साथै सबैभन्दा बढी त कोरियाली जनताका लागि हो । आपसी मनमुटाव र साम्राज्यवादीको चंगुलमा फसेका कोरियनहरूका आँखा अब विस्तारै खुल्न थालेका छन् ।

कोरियाली देशहरूको शान्ति र समृद्धि बाहिरका साम्राज्यवादी लुटेराहरू आएर गरिदिने होइन । यो त कोरियालीहरू आफैले नै गर्ने कार्य हो ।

देखाउनका लागि किम-ट्रम्प सिंगापुर वार्ता भए पनि आन्तरिक रूपमा यो उत्तर र दक्षिण कोरियाको आपसी वार्ता नै थियो । दुखको कुरा त के हो भने कोरियाको आपसी कुरा पनि अमेरिका मार्फत् गर्नुपर्ने समस्यामा यी दुई देशहरू फस्न पुगे ।

आज शायद उनीहरू दुवैलाई अनुभूत भएको हुनुपर्छ कि कोरियाली प्रायद्वीपको शान्ति र स्थिरता विदेशीको कारणले नभई उनीहरूको आफ्नै सत् प्रयत्नले मात्र संभव छ ।

# 'ब्ल्याक लिस्ट' बाट नेपालको नाम हटाउन नेपाली हवाइ उडानको तयारी

काठमाडौं । नेपाल वायु सेवा निगमको उडान अन्तर्राष्टिय क्षेत्रमा निकै नै संवेदनशील मानिन्छ । कतिपय देशहरूले त उडान स्वीकृति पनि दिएका छैनन् । यसका पछाडिका कारणहरू थुप्रै छन ।

ती मध्ये पहिलो र सरल कारण हो, नेपाल वायु सेवा निगमका जहाजहरू अन्तर ाष्ट्रिय मापदण्डका छैनन् । दोस्रो कारण हो, यहाँका पाइलटहरू कम दक्ष छन् । तेस्रो र डरलाग्दो कारण हो, नेपाल अन्तर्राष्ट्रिय आतंकवाद र माफियाहरू चलखेलको ट्रान्जिट



प्वाइन्ट हो । यहाँबाट भएका उडानहरू सुरक्षित र भरपर्दा छैनन् ।

यी मध्ये नेपालले अघिल्ला दुई आरोपहरू त सुधार गरेर ल्याउन सक्छ । तर तेस्रो कारण भने निकै कठिनाइपूर्ण छ । यसमा भनाइ र प्रतिबद्धताभन्दा पनि अन्तर्राष्टिय क्षेत्रलाई विश्वास दिलाउनु कम चानचुने कुरा छैन ।

हाल नेपाल वायु सेवा निगमले वाइड बडी जहाजहरू भित्र्याइसकेको छ । यसले कोरिया र जापानमा आफ्नो वायु सेवा विस्तार गर्ने पनि जनाएको छ । यसको तयारीलाई अन्तर्राष्ट्रिय क्षेत्रले सुधारका रूपमा लिएको छ ।

यसका साथै न्यारो बडी जहाज पनि थप्ने योजना रहेको बताइएको छ ।

# निकट भविष्यमा महाअभियोग झेल्दै ट्रम्प



काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही समयपछि महाअभियोग झेल्न पुग्ने अवस्था सिर्जना हुन गएको छ । अमेरिकी प्रशासनले यसलाई छल्नका लागि आन्तरिक तयारी पनि गरिरहेको बताइएको छ ।

तर विपक्षी तथा उच्चस्तरीय कुटनीतिज्ञहरूले भने यो अनिवार्य भएको बताउन थालेका छन् । यसको सुइँको पाएपछि ट्रम्पले यदि उनीमाथि महाअभियोग लगाइए देशमा आर्थिक डावाँडोलको स्थिति सिर्जना हुने चेतावनी पनि दिइसकेका छन् । तर धेरै अमेरिकीहरू ट्रम्पको यो भनाइसँग सहमत छैनन् । उनीहरू आन्तरिक तयारीमा जुटिरहेका छन् । अमेरिकीहरू ढिलो वा चाँडो टम्पलाई महाभियोग लगाएको देख्न चाहन्छन् ।

ट्रम्पमाथि चुनावमा रसियासँग मिलेको, व्यक्तिगत आचार विचार असल नभएको, महिलामाथि यौन हिंसा गरेको, चुनावमा आचारसंहिता विपरीत पैसा बाँडेको र बुथमा धाँधली गरेको आरोप छ ।

# केरुङ पुल भत्कँदा नेपालीलाई सास्ती

काठमाडौ. । नेपाल-चीन व्यापारिक मार्ग जोड्ने केरुङको पुल भत्किएपछि नेपाल-चीन व्यापार ठप्प भएको छ । लामो समयदेखि दुई देशको सेतुको रूपमा रहँदै आइको उक्त पुल भत्किए पछि पर्वको मुखैमा नेपाल भित्र्याउन थालिएका चिनियाँ सामान बाटैमा अलपत्र परेका छन् ।

व्यापारीहरूका अनुसार करिब ६ अर्बका रेडीमेड तथा अन्य मालसामानहरू त्यहाँ रोकेर राखिएका छन् । ती सामानहरूमा कतिपय त अत्यावश्यक सामानहरू पनि रहेको बताइएको छ । तीजको मुखमा आएर रोकिएका सामानहरूको अभावले देशमा कपडामा महंगाइ बढ्न सक्ने चिन्ता पनि प्रकट गरिएको छ ।

हाल भत्किएको केरुङ पुल क्रस गर्न नसकेर करिब १२ शयभन्दा बढी मालबाहक गाडीहरू चीनतिरैका गोदाम घरमा रोकेर राखिएका छन् ।

पुल बनाउनका लागि नेपाली सेनालाई सरकारले जिम्मा दिए पनि त्यो अझैसम्म पनि पूरा हुन सकेको छैन । तीज वा दशैंको मुखसम्म ती साामान नेपाल भित्र्याइए पनि गोदाममा लामो समयसम्म राखेको भाडा तिर्दा सामानहरू महंगो पर्न जाने बताइएको छ ।

# 'पादरीद्वारा गरिएका वाल यौनहिंसा अक्षम्य' : *पोप फ्रान्सिस*

काठमाडौं । विश्वमा चर्चका पादरीहरू बाल यौन दुराचारमा कुख्यात भनी अनुसन्धानले देखाएपछिका घटनाक्रममा आयरल्याण्डका पादरी कख्यात श्रेणीमा दर्ज भएका छन् । उनीहरू पनि बाल यौन दुराचारमा मुछिएका र असभ्य तथा जंगलीका रूपमा दर्ज हुन पुगेका छन् । जनता र वालवालिकाहरूलाई सभ्य र शिक्षित बनाउने ठेक्का लिएर गएका ती पादरीहरू उल्टै सबैभन्दा अशिक्षित र अज्ञानी बन्न पुगेका हुन् ।

पोप फ्रान्सिसले वाल यौन दूराचारका कार्यलाई अक्षम्य र अपराध बताएका छन् । तर पादरीहरू यी कार्यहरूलाई दिन गुणा र रात चौगुणा बढाएर लगिरहेका छन् ।

आयर ल्याण्डमा पादरीहरूको हुने गरेको विरोध यो पहिलो र नयाँ भने होइन । यस अघि पनि निकै कुराहरू उठेका र त्यसलाई ढाकछोप गरिएको थियो । त्यसले जनतामा ठूलो असन्तुष्टि जन्माएको थियो ।

अमेरिका, युरोप र अन्य देश र महादेशहरूमा पादरीका व्यभिचारहरूले सीमा काट्ने गरेका छन् । आखिर पुँजीवादी र उपभोक्तावादी संसारमा पादरीहरूले ईशाइ धर्मका नाममा गर्ने व्यवहार यो भन्दा अर्को परिकल्पना गर्नु बेकार हुन जान्छ ।

## फ्ल्यासब्याक

# माओवादी जनयुद्धकालमा अमेरिकी प्रवेश

विश्वका हरेक जसो देशमा उठेका कम्युनिष्ट विद्रोह दबाउन अमेरिकाले अग्रसरता लिएको छ । चीनमा माओको नेतृत्वमा भएको जनयुद्धदेखि भियतनाम, कोरिया , फिलिपिन्स, टर्की हुँदै नेपालसम्मका विद्रोह दबाउन अमेरिकाले प्रयत्न गर्‍यो । नेपालमा माओवादी जनयुद्ध सुरु हुनअघि यहाँ रहेको वाम वर्चश्व अमेरिकाका लागि टाउको दुखाइ बनेको थियो । त्यसैले जनयुद्ध अघि नेपालका लागि तत्कालीन अमेरिकी राजदुत जुलिया चाङ वाम वर्चश्व तोड्न विभिन्न राजनैतिक चलखेलदेखि देउवा आर जुको जोडी बनाउनेसम्म लागेकी थिइन् ।

माओवादीले जनयुद्ध सुरु गरेपछि भन्डै ६ वर्षसम्म राष्ट्रिय राजनीतिमा दरबार र संसदवादी दलहरू बीचको अन्तरविरोधको भरपूर फाइदा लियो । यसो हुनका लागि धेरै परिवेशका अतिरिक्त तात्कालीन राजा विरेन्द्रमा रहेको राष्ट्रवादी भावना र आफ्नै नेपाली दाजुभाइलाई मार्न सेना परिचालन गर्न इन्कार गर्न मुख्य कारणहरू थिए ।

तर २०५७ को अन्तिमसम्म माओवादीले प्रहरीका अति सुरक्षित प्रहरी कार्यालय बेशहरू भकाभक कब्जा गेरर प्रहरीलाई लगभग पराजित गरेपछि अब सेना परिचालन गरिनु अनिवार्य थियो । त्यसै समयमा विरेन्द्रले आफना भाइ मार्फत् माओवादीसँग सम्बन्ध विस्तार गरेर समस्या सुल्झाउन प्रयास गरे । त्यसकारण नेपालमा माओवादी विद्रोहको दमन गर्ने नाममा राजा वीरेन्द्रको वंश नाश गरियो । दरबार हत्याकाण्डपछि खासगरी शाही सेनामार्फत अमेरिकाले बढाएको हस्तक्षेप हेर्दा हत्याकाण्डमा शङ्काको सुई ऊतिरै फर्कन्छ ।


● दीपक सापकोटा ●

सन् २००१ को सेप्टेम्बरमा आफूमाथि भएको आक्रमणपछि आतङकवाद विरुद्धको युद्धको नाममा विश्वभरि भैँ नेपालमा पनि अमेरिकाले हस्तक्षेप बढायो । दरबार हत्याकाण्ड र सेना परिचालन अघि पनि प्रहरीका बेस क्याम्पहरूमा फोर्टिफिकेशनका लागि अमेरिकाले गाइड गरेको थियो । जनयुद्धको अवधिमा कयौँपटक अमेरिकी सेनाका टोली नेपाल आए । २०५७ मा शाही सेनाको निमन्त्रणामा ४७ जनाको अमेरिकी टुकडी नेपाल आएको थियो ।

२०५९ वैशाखमा अमेरिकी जहाजसहित दुई दर्जन अमेरिकी सेना नेपाल आई पश्चिमका माओवादी क्षेत्रको भ्रमण गरेको काठमाडौँबाट प्रकाशित हुने जनआस्थाले जनाएको थियो । यसप्रकार २०५९ भदौ अन्तिम साता पाँचजनाको टोली, २०५९ पुसको अन्तिम साता ३९ जनाको अमेरिकि सैनिक टोली, २०६० जेठको दोस्रो साता छुट्टै टाली नेपाल आएका थिए । २०६१ साउनमा अमेरिकाको संघीय गुप्तचर संस्था एफबीआईको एउटा टोली नेपाल आई सशस्त्र प्रहरीका महानिरीक्षक कृष्णमोहन श्रेष्ठको हत्या अभियोगमा थुनिएका कृष्णहरि सैजुलाई ललितपुरमा रहेको नख्खु जेलमा भेटेको थियो ।

दरबार हत्याकाण्डलगत्तै अमेरिकी पक्षधर नेपाली काङ्ग्रेस नेता शेरबहादुर देउवा प्रधानमन्त्री भए । वार्ता सफल भएन र माओवादी युद्धमा फर्कियो ।

*(जनयुद्धका उथलपुथलका दश वर्षबाट.)*

## निर्मला...

कञ्चनपुर घटनामा विष्टलगायतका छानबिनमा तानिएकाहरूको भूमिका सन्देहात्मक रहेको र उनीहरूकै कारणले यति ठूलो घटना घट्न पुगेको ठहर गरिएको छ । बलात्कार र हत्यामा विष्टकै छोरा संलग्न रहेको तथ्यहरू जुट्दै गएका छन् । यसको जानकारी गृहमन्त्रीलाई हुँदा पनि उनको निर्देशनमा गरिएको बर्बर र अमानवीय हत्या तथा दमनका कारणले गृहमन्त्री बादलले पनि राजीनामा दिनुपर्ने भएपछि उनी निकै तनावमा रहेको समेत बताइएको छ ।

अहिले मन्त्रालयले सिडीओको रूपमा तारानाथ अधिकारीलाई जिम्मेवारी दिएको छ भने प्रहरी प्रमुखका रूपमा एसपी कुबेर कठायतलाई पठाइएको छ । यसैगरी डीएसपी ज्ञानबहादुर क्षेत्रीलाई पनि जिम्मेवारीबाट हटाएर सरकारले उनको ठाउँमा कृष्णराज ओभ्राालाई पठाएको छ ।

अहिले मन्त्रालयले सह-सचिव हरिप्रसाद मैनालीको नेतृत्वमा उच्च स्तरीय छानबिन समिति गठन गरेको छ । जुन समितिले छानबिनलाई तीव्रता दिएको छ ।

पछिल्लो पटक निर्मलाको हत्यासँग जोडिएको आशंकामा निर्मलाकै साथी समेत भनिएकी रोशनी बम र अनिता बमलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ । रोशनी बमकै घरमा होम वर्क गर्न गएको बेला निर्मलाको हत्या भएको थियो । यही बीचमा सरकारले निर्मलाको परिवारलाई १० लाख र हत्या गरिएका खन्नालाई सहिद घोषणा गर्दै दिएको १० लाख क्षतिपूर्ति उपलब्ध गराएको छ । यही क्षतिपूर्तिको नाममा आन्दोलनलाई मत्थर पार्न र वास्तविक हत्याराहरूलाई जोगाउन सरकार लागेको पो हो कि भन्ने पनि टिप्पणी हुने गरेका छन् । तथापि वास्तविक हत्याराहरूलाई सार्वजनिक गरी कडा कारबाहीको माग राखी गरिएको कञ्चनपुरबासीको आन्दोलन जारी छ । र, देश तथा विदेशबाट पनि त्यो आन्दोलनलाई साथ मिलेको छ । विडम्वना त के छ भने एउटा हत्यारालाई कारबाही गर्न भनी यति ठूलो दबाब सिर्जना गर्नुपर्ने र त्यही दबाबपूर्ण आन्दोलनमा अन्य नागरिक मारिनुपर्ने स्थितिको सिर्जना गेरर राज्य मानवीय संवेदनाहिन मात्र बनेको छैन, ओली नेतृत्वको सरकार र गृह प्रशासनले जनताको सुरक्षाको जिम्मा लिन नसक्ने स्थिति पैचिलो बन्दै गएको छ । कञ्चपुर घटनाले सिंगो जनतामा वर्तमान सरकारप्रति अविश्वास र आक्रोश धुलिएर गएको छ ।

**अपराधी संरक्षणका लागि श्वेत आतंक जारी**

सत्तासिन बहुमतको वाम पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को कञ्चनपुर कार्यालयबाट केन्द्रीय कार्यालय धुम्बाराहीमा समाचार पुग्न २ ९ दिन अर्थात् ६९६ घण्टा लागेको छ । यो खबर आएपछि बल्ल नेकपा भनिने सत्तारुढ पार्टीको आकस्मिक सचिवालय बैठक शनिबार बिहान बालुवाटारमा बसेको खबर सार्वजनिक गरिएको छ ।

नेकपाको सत्तारुढ बैठकमा वाम भनिने समाजवादको ठेक्का लिन बनेको सरकार निर्माणपछि देशैभर बढिरहेका हत्या, बलात्कार र श्वेतआतंकको समीक्षा गर्‍यो भनिएको छ । त्यसपछि कसैले पनि अपराधीलाई उक्साउने वा संरक्षण गर्ने काम नगर्न अपील गर्ने निर्णय भएको भनिएको छ । यस्तो व्यहोराको विज्ञप्ति नेकपाले आफ्नै लागि निकालेको विश्लेषकहरूको भनाइ रहेको छ ।

बलात्कार र हत्या गर्ने भन्ने ठाउँमा 'सामाजिक मूल्यमान्यताको विरुद्धमा जाने' भन्दै जो कोहीलाई पनि हदैसम्मको सजायँ गर्न सरकारको ध्यानाकर्षण गराउने भनी छलफल भएको बुझिएको छ । हाँसो उठ्दो कुरो त के भने बैठक (फ्ल्यास फोटो हेर्नुस् प्रम केपी ओली आफै बसेका छन्)ले सरकारलाई सचेत बनाउने भनिएको छ । नेकपा बैठकले कञ्चनपुर घटनाका शंकास्पद सबैलाई अनुसन्धानको दायरामा ल्याउने निर्णयसमेत गरेको बताइउको छ ।

अब सबै यथार्थता सार्वजनिक भइसकेको छ । धुम्बाराहीको श्वेत आतंकले पनि सत्यतथ्य लुक्न र लुकाउन नसकिने भएको छ ।

## हत्यारालाई...

कारण नभएको र वास्तविक बलात्कारी र हत्याराको खाजी गरिनु पर्ने सही कुराका लागि नै भएको भन्दै विज्ञप्तिमा थप भनिएको छ- हाम्रो पार्टी हत्या, बलात्कार लगायतका महिला हिंसाका घटनाहरूप्रति विशेष संवेदनशील एवम् गम्भीर बन्दै दोषीहरूमाथि कडा कारबाहीको व्यवस्था गर्न समेत सरकार सित जोडदार माग गर्दछ ।"

त्यसैगरी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले निर्मला पन्त घटनाको वास्तविक अपराधी पहिचान गरी कडाभन्दा कडा कारवाही गर्न माग गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलद्वारा हस्ताक्षर गरी शुक्रबार प्रेसित गरिएको एक वक्तव्यमा यस्तो माग गरिएको हो ।

केही समयअघि कञ्चनपुर जिल्ला, भीमदत्त पन्त नगरपालिका-२ की १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको थियो । कञ्चनपुर प्रहरीले सो घटनामा संलग्न अपराधीको लामो समयसम्म खोजी गरेको जनाए पनि अपराधी पत्तालगाउन सकेको थिएन । तर केही दिन अघि मात्र अपराधी पत्ता लगाएको र उसलाई सार्वजनिक गरिँदै गरेको भन्ने बाहनामा मानसिक सन्तुलन गुमाएका एक स्थानीयलाई उभ्याएको थियो ।

उक्त घटनामा संलग्न अपराधी भनी सार्वजनिक गरिएका व्यक्ति दोषी नभएको र यी सबै कामहरू वास्तविक अपराधीलाई जोगाउने उद्देश्यका भइरहेको उनका परिवार र स्थानीय जनताले बताएका थिए । त्यसपछि स्थानीय जनताको विरोधले कञ्चनपुरमा विसाल र उग्र रूप लिन पुगेको थियो ।

यस्तो कार्य सरकारले गरेको अत्याचारी, घृणित र अनैतिक भएको भनी मोर्चाले घोर निन्दा र भर्त्सना गर्दै वास्तविक अपराधीलाई पत्तालगाई सार्वजनिक गरी कडाभन्दा कडा कारवाही गर्न जोडदार माग गरेको छ ।

यसका साथै, न्यायपूर्ण संघर्षलाई अघि बढाइरहेका कञ्चनपुरका संघर्षशील जनतामाथि गरिएको दमनको घोर भर्त्सना गर्दै प्रहरी दमनमा घाइते भएकाहरूको अविलम्ब उपचारको समेत जोडदार माग राखेको छ । साथै, मोर्चाले उक्त संघर्षप्रति दृढ समर्थन र दरिलो ऐक्यबद्धतासमेत् जाहेर गरेको छ । यदि जनताका जायज मागलाई पूरा गरिएन भने यसको समर्थनमा देशव्यापी संघर्षको तयारीमा जुट्नका लागि सबै न्यायप्रेमी जनसुदायसँग मोर्चाले आह्वान समेत गरेको छ ।

## कारबाहीको...

केवल सामान्य मानिस संलग्न नरहेको भन्दै सिंगो राज्य किन अपराधीको बचाउमा लागेको छ भनी प्रश्न गरे । उनका अनुसार यो घटनाले लहरो तान्दा पहरो गर्जाउने छ, यसको सत्यतथ्यको बिना ढिलाई छानबिन गरिनु पर्छ ।

घटनाका दोषीलाई तत्काल सार्वजनिक गरी कडा भन्दा कडा कारवाहीको माग गर्दै अतिथि प्रकाशउर्जाले अन्यायका विरुद्ध न्यायप्राप्तिका लागि आवाज उठाउन पनि नपाइने 'वाम' बहुमतको सरकार अपराधी लुक्ने र लुकाउने थलो नबनोस् भन्दै अबोध बालिका निर्मला पन्तको बलात्कार गरी हत्या गर्ने हत्यारालाई बिना ढिलाइ तुरुन्त सार्वजनिक गरी कारवाहीको दायरामा ल्याउन चेतावनी दिएका थिए ।

नेकपा क्रान्तिकारी माओवादी सुर्खेतका सचिव खडानन्द लामिछानेले कुनै पनि सरकार वा सरकारी मान्छे वा भीआईपी कानुनभन्दा माथि नरहेको कुरामा जोड दिए । उनले अपराध गरेको अपराधी कानुनको आँखामा भीआईपी वा राज्यको ठूलो मान्छे हुँदैन भन्दै कानुनका अगाडि सबै समान रहेको कुरा जाहेर गरे ।

विदयार्थी नेता ललितजंग थापाले प्रहरीको बर्बरताले सीमा नाघेको र यो अब आम जनताका लागि पनि असैह्य भएको बताएका छन् । जनतालाई गुमराहमा राखेर कुनै पनि काम गर्ने अधिकार राज्यका कुनै पनि तह र तप्काका अधिकारी होस् या राज्यका प्रमुख कसैलाई पनि छैन भन्दै विद्यार्थी नेता थापाले अपराधीलाई कानुनी कठघरामा ल्याइनु पर्ने कुरामा जोड दिएका थिए ।

आम जनताको जीउ नै सिरिङ्ग हुने त्यस्तो दर्दनाक घटना लुकाइरहनुमा शायद राज्यका उच्च ओहदाका भीआईपीहरूको संलग्नता हुनसक्छ भन्ने आशंकाले जनतामा गहिरो गरी घर गरेको कुरा राख्दै वक्ताहरूले शान्तिपूर्ण विरोध प्रदर्शनमा उत्रिएका जनतामाथि गोली प्रहार गरी हत्या गर्नु र घाइते बनाउनुले यो गणतन्त्र दलाल तथा अपराधीहरूको दमनयन्त्रमा परिणतहुँदै गएको कुरामा जोड दिएका थिए । यसको सत्यतथ्य बेलैमा बाहिर नल्याइए यसले देशभर आगो सल्काउने कुरा निर्विवाद रहेको भन्दै शंकाको घेरामा रहेकाहरूलाई बर्खास्त गर्न र कारबाहीको बाटो खुला गर्न माग गरेका थिए ।

## संयुक्त...

अध्ययन अध्यापन र ज्याला मजदुरी गर्दाका बखत सुरक्षित हुन नसकेको भन्दै कुन बेलामा के होला भनी भयभित हुनु पर्ने अवस्था सिर्जना भएको बताइन् । महतले त्यो त्रास, डर र जोखिम सबैभन्दा बढी महिलामा रहेको पनि बताइन् । देश आज आकाशिँदो महँगीको मारमा परिरहेको, भ्रष्टाचार संस्थागत हुँदै गइरहेको र तीन तहमा बनाइएका सरकारहरूले अस्वाभाविक रूपमा कर वृद्धि गरी जनतालाई मारमा पारिरहेको कुरामा जोड दिँदै महतले यसको प्रतिरोधमा उत्रन जनतालाई आह्वान समेत् गरिन् ।

अखिल नेपाल महिला संघ क्रान्तिकारीकी कुमारी शाहीले देश फासिवादी बाटोमा जान थालेकाले यसको प्रतिरोधको कुनै पनि विकल्प नरहेको भन्दै हिंजो जनयुद्ध लडेका नेताहरूका हातमा आज हत्कडी लगाइएको बताइन् । उनले आज दिन दाहाडै छोरी चेलीहरूको अस्मितामाथि धावा बोल्दै हत्या गरेर उनीहरूको जीवन नै सिध्याइदिने डरलाग्दो र भयावह अवस्थाको सिर्जना भएको भन्दै कैलालीकी एक १३ वर्षीया अबोध बालिकाको बलात्कारपछि गरिएको हत्याको एक महिना बितिसक्दा पनि दोषीको थाहपत्तो केही पनि नहुनुले देश नै सुरक्षित नभएको बताइन् ।

## पाँच...

संघ क्रान्तिकारीकी कोषाध्यक्ष प्रतिमा गहतराज, अखिल नेपाल प्रगतिशील महिला संघकी उपाध्यक्ष जनक कुमारी चालिसे र महिला शक्ति महासंघ नेपालकी संयोजक मनु हुमागाई रहेका छन् ।

## श्वेत आतंक...

संबोधन गर्ने क्रममा अध्यक्ष गजुरेलले उक्त कुरा बताएका हुन् ।

गजुरेलले देशमा गणतन्त्र ल्याउन आफूहरू दश वर्ष जनयुद्ध र १९दिने जनआन्दोलनको नेतृत्व गरेको र लडेको हुनाले वर्तमान गणतन्त्रमा आफूहरूको पनि हिस्सा र योगदान रहेको स्मरण गराउँदै प्रहरीहरूले राणाकाल र पञ्चायत कालमा जस्तो परिवर्तनका पक्षधर आन्दोलनकारी माओवादीहरूलाई सत्तामा बसेकाहरूले दिएको ठाडो आदेशमा दमन नगर्न भन्दै चेतावनी दिएका हुन् । हालका गृहमन्त्री रामबहादुर थापाले आफ्ना नैतिक तथा वैचारिक मूल्यमान्यताहरू गुमाइसकेकाले देशका गणतान्त्रिक प्रहरीहरूले उनका गलत आदेशहरूको अन्धरूपले पालना गर्नु राम्रो नहुने पनि बताएका छन् । उनले थप चेतावनी दिँदै भनेका छन् यदि उनका आदेशहरूको अन्धरूपमा पालना हुन थाल्यो भने देशमा गृहयुद्ध भएर ठूलो खतरामा धकेलिने छ ।

वर्तमान सरकारमा बहुमतको नमीठो दम्भ छ भन्दै गजुरेल भन्छन् तर यो बहुमतको सरकारलाई सडकको आन्दोलनले बाँकी राख्दैन । सडक आन्दोलनले बहुमतको वैधानिक सीमा र दायरा सबैलाई निलेर अघि बढ्छ भन्दै गजुरेलले राष्ट्घात र जनघात गर्ने सरकार जनतन्त्रको धज्जी उडाउँदै फासिवादीकरण भइरहेकाले ती सबैको रक्षाका लागि जनता सडकमा उत्रने एक अनिवार्य तथा जनअनुमोदित अवस्थाको सिर्जना हुन लागेको कुरा खुलस्त गरे ।

गजुरेलले देशमा संघीयता लागु भइरहँदा काठमाडौंमा बसेर अरुण तेस्रो बेच्ने, भारतीय प्रमको सुरक्षाको नाममा भारतीय सशस्त्र कमाण्डो फोर्स नेपालमा भित्र्याउने, कोशी उच्च बाँध बनाउन सहमति गर्ने, नेपालको तराई क्षेत्र डुवानमा पारेर पानी जहाज चलाउने सपना बाँड्ने, भ्रष्टाचार, सिण्डिकेट, सुन तस्करी, ठेकेदार तथा माफियाहरूसँग मितेरी लगाउने, जनतामा चर्को कर असुलीका संहिताहरू निर्माण गर्ने तर यी जनविरोधी कदमहरूको विरोध गर्नेहरूविरुद्ध दमन गर्न राज्यसंयन्त्र प्रयोग गेरर फासीवादीकरणको बाटो अख्तियार गर्ने यो सरकारले देश अब क्रमशः गृह युद्धमा धकेलिरहेको बताए ।

विरोध प्रदर्शनका क्रममा आकाशिँदो महँगी नियन्त्रण गर, करवृद्धि खारेज गर, महिला हिंसा अन्त्य गर, बलात्कारीलाई सख्त कारबाही गर, जनविरोधी ऐनकानुन खारेज गर, भारतीय विस्तारवाद मूर्दावाद, अमेरिकी साम्राज्यवाद मूर्दावाद, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल जिन्दावाद, नेकपा (क्रान्तिकारी माओवादी) जिन्दावाद जस्ता नाराहरू लगाइएका थिए ।

कोणसभा कार्यक्रमको उद्घोषण सञ्चालन गर्दै प्रदेश नम्बर ३ का देशभक्त जनगणतान्त्रिक मोर्चा संयोजक पवनमान श्रेष्ठले देशलाई अब फासिवादीकरण हुनबाट जोगाउन वर्तमान सरकार यसका मन्त्रीहरूले देश, जनता र जनपक्षीय कामहरूका विरुद्धमा दिने र गर्ने गरेका गरेका निर्देशन र तथा कामहरूको डटेर सामना गर्दै अघि बढ्नु पर्ने बेला आइसकेको बताएका थिए ।

## बझाङमा अनेरास्ववियु (क्रान्तिकारी) गठनको लहर

बभाङ जिल्लाको केदारशिव गाउँपालिकामा रहेका गर्जेपानी उच्च माध्यमिक विद्यालय र बेताल उच्च माध्यमिक विद्यालयमा मंगलवार अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का दुई इकाइ कमिटीहरु गठन गरिएका छन् । गर्जेपानी उच्च माध्यमिक विद्यालयमा सन्दीप मल्लको अध्यक्षतामा १७ सदस्यीय इकाई कमिटी गठन गरिएको छ । यस इकाइको सचिवमा सुनिला मल्ललाई चयन गरिएको छ। त्यसै गरी बेताल उच्च माध्यमिक विद्यालयमा धनराज रावलको अध्यक्षतामा इकाइ कमिटी गठन गरिएको छ । यस इकाइको सचिवमा लक्ष्मी भण्डारीलाई चयन गरिएको छ ।

## कविता

### उसले आत्महत्या गर्‍यो

● प्रा.डा. जगदीशचन्द्र भण्डारी



देख्दा देख्दै
हेर्दा हेर्दै
न वर्षा भन्यो
न हिउँद भन्यो
अभिन्न मित्रले
आत्महत्या गर्‍यो

रुँदा रुँदै
हाँस्द हाँस्दै
के भयो कुन्नि उसलाई
बेमौसममा नै
उसले आत्महत्या गर्‍यो

हिंड्दा हिंड्दै
सँगसँगै
उकाली र ओरालीहरू
छिचोल्दा छिचोल्दै
बर्बराउन थाल्यो
बेइमान रहेछ
उसले आत्महत्या गर्‍यो

कायर लाछी रहेछ
कसले मति बिगार्‍यो
उसको
कसले उचाल्यो
उसलाई
कसले पछार्‍यो
कुन्नि

आधा बाटोमै
हुतिहारा पानीआन्द्रे
विश्वासघातीले
जिभ्रो चपाउन थाल्यो
काँप्यो डरायो आत्तियो
सपना सबै बिर्सियो
उज्यालोलाई
अँध्यारो देख्न थाल्यो
र आत्महत्या गर्‍यो

बेगवान नदीमा
पौडिंदा पौडिंदै
उसका नाडी गलेछन्
उसलाई मात लागेछ क्यारे
वा बेहोसी भएछ
कुन्नि, के भएछ ?
उसले आत्महत्या गर्‍यो

विचारको भारी फालेर
गर्बिलो इतिहासलाई
निषेध गरेर
अर्कैको बथानमा पुगेछ
हिजोका बैरीहरूको खुट्टा समाएर
रुन थालेछ
अनि पाँटीमा सुर्किनी कसेछ क्यारे
सपनामाथि घात गर्‍यो
आफ्नै वर्गलाई
निर्लज्ज तरिकाले घात गर्‍यो
र उसले आत्महत्या गर्‍यो

आकाश जत्तिकै विशाल
हिमाल जत्तिकै अग्लो
उठेको शीर भुकाएर
उसले आत्महत्या गर्‍यो
र गल्र्याम गुर्लुम्म ढल्यो
भित्र र बाहिरका बैरीलाई हसाउँदै
मोरोले आत्महत्या गर्‍यो

### बिदाइ

● कृष्णभक्त महर्जन 'कगेन्द्र'



बिदाइ त बिदाइ
कस्तो बिदाइ होला
शिकारी कुकुरको हो कि
भुस्याहा कुकुरको हो
दुखद हो या सुखद हो
गतिछाडा साढे छोडी
चन्दाको फन्दामा फसे
दिउँ भने पनि नहुने
नदिउँ भने पनि नहुने
रुचि फरक फरक छ
गतिछाडा हो कि
सतिछाडा हो
गतिछाडाहरूकहाँ
सतिछाडाको के काम
सतिछाडाहरूकहाँ
गतिछाडाको के काम
लैनो भैंसीको बिदाइ हो कि
थारो भैंसीको बिदाइ हो
लैनो पनि थाह छैन
थारो पनि थाह छैन
बिदाइ गरे पनि पाल्नै पर्ने
मागेको गोरु, चोरेको हलो
दिए पनि, मागे पनि के काम
मिथकको कथा बन्छ
बिग्रने बिदाइको बाटो धेरै
सप्रने बिदाइको बाटो एउटै
बिदाइ दिनेको'नि काम छैन
बिदाइ लिनेको'नि काम छैन
ढुंगामा बुन्ने कथाजस्तै
चितामा जल्ने लाशजस्तै
बिदाइ दिंदा पनि, लिंदा पनि
आत्मालाई शान्ति नहुने
गाइजात्रे बिदाइ भएको छ ।

## वर्तमान...

खुसीले गदगद भएका छन् । झन् सरकार पक्षका मान्छेहरूको त जमिनमा खुट्टा नै छैनन् । उनीहरू न कसैलाई पत्याउँछन् न गठ्याउँछन् । उनीहरू यति उन्मत्त छन् कि उनका अगाडि न कुनै सरकारी कर्मचारी बोल्न सक्छ न प्रहरी प्रशासन । न सिधासाधा जनता बोल्न सक्छन् न कुनै महानुभाव । स्थानीय सरकारदेखि केन्द्रिय सरकारसम्म अझ राष्ट्रपतिसम्मका सत्तासिनहरूदेखि सबै बसिभूत भएका छन् ।

यतिबेला तिनीहरूले जस्तोसुकै अपराध गरे पनि न कुनै कानुन लाग्छ, न त कुनै सजाय नै भोग्नु पर्छ । कर्मचारी तन्त्रदेखि ठेकेदारीतन्त्रसम्म जताततै उनीहरूकै बोलवाला छ मुलुकमा । कुनै अपराधमा कोही कसैलाई प्रहरीले गिरफ्तार गरे पनि मन्त्री, सांसद वा कुनै बडे नेताजीको एक कल फोन आएपछि प्रहरी प्रशासन थरथरी काप्दै माफ गर्नु होला केटाहरूले गल्ती गरेर ल्याएछन् भनेर छोड्नु पर्ने अवस्था सिर्जना भएको छ । त्यति मात्र होइ, कुण्डले मुण्डले गुण्डा दादागिरी जे भए पनि सत्तापक्षको भएपछि प्रहरी प्रशासन र कर्मचारीतन्त्रले उनीहरूको सपोर्ट गर्नैपर्ने नगरे जागिरै चट् ।

यतिबेला सत्ताको नाममा गुण्डागर्दी निकै बढेर गइरहेको छ । त्यो प्रवृत्तिले सिंगै मुलुकलाई नै आफ्नै बपौती ठानेको छ । यसले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमानमा समेत गंभीर आँच पुर्‍याएको छ । नेपालको राष्ट्रियता र सर्वभौम सत्तामाथि गंभीर प्रश्नचिन्ह खडा गरेको छ । स्वाभिमानी नेपालीका निम्ति यो चुनौतीको विषय पनि हो । यसलाई कुनै पनि हालतमा सहज र स्वभाविक मान्न सकिन्न । मुलुकको शासन सत्ताको कुनै पनि निकायमा कुनै पनि काम विशेषले प्रवेश गर्दा आफ्नो काम सम्पन्न गर्नका लागि सत्ताधारीको गुलाम गर्नु पर्ने स्थितिले वर्तमान ओली सरकार र त्यसको गठबन्धन कम्पनी हिटलरको फासीवादको अभ्यास गर्दैछ भन्न हिचकिचाउनु पर्दैन ।

अब रह्यो यो सरकार कम्युनिष्ट सरकार हो कि होइन भन्ने सवाल । वास्तवमा यो सरकार कम्युनिष्ट सरकार होइन र हुन सक्दैन । योसँग न कुनै कम्युनिष्ट सिद्धान्त छ, न विचार, न कुनै कम्युनिष्ट आर्दश छ, न त कुनै वर्गीय पक्षधरता । यो त सर्वहारा वर्गीय विश्व दृष्किोणबाट च्यूत भएका मालेमावादी सिद्धान्त विचारलाई परित्याग गरी प्रक्रियावादी कित्तामा आत्मसमर्पण गर्न पुगेका भगौडाहरूको सरकार हो । योसँग न कुनै राष्ट्रियतासम्बन्धि एजेन्डा छ, न जनतन्त्र न जनजीवीकासम्बन्धी, न त कुनै खाका र भिजन छ । योसँग न स्वाभिमान छ, न स्वत्व । योसँग न राष्ट्र र राष्ट्रियता प्रतिको कर्तव्य छ, न त जनताप्रतिको जवाफदेहिता ।

अर्कोको रिमोट कन्ट्रोलबाट चल्ने सरकार कम्युनिष्ट सरकार हुन सक्तैन । नेपाल र नेपाली जनताको हितविपरीत रातारात भारतीय विस्तारवादसँग असमान सन्धिसम्झौता गर्ने सरकार कम्युनिष्ट सरकार हुन सक्तैन । यो मालेमावादी विधि र प्रक्रियाबाट क्रान्तिद्वारा स्थापित सरकार होइन । यसले त्यसप्रति कुनै साइनो सम्बन्ध राख्दैन । यो कुनै नयाँ सरकार पनि होइन । यो पुरानै प्रतिकृयावादी राज्यसत्ताको मातहतमा चल्ने र उनीहरूकै हितानुकुल काम गर्ने सरकार हो । यो सामन्त, दलाल तथा नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने दक्षिणपंथी संशोधनवादी तथा अवसरवादीहरूको खिचडी सरकार हो । यस्तो सरकारलाई वाम अर्थात् कम्युनिष्ट सरकार भन्नु दृष्टिकोणमा रहेको खोट र भ्रम शिवाय अरु केही होइन ।

वास्तवमा कम्युनिष्टहरू आमूल परिवर्तन चाहन्छन् । पुरानो अर्थात् प्रतिकृयावादी शोषक, सामन्त तथा दलालहरूको राज्यसत्ता र सम्यन्त्रलाई उत्पीडित वर्गको व्यापक सहभागितामा गरिने क्रान्तिद्वारा सशस्त्र बल प्रयोगको माध्यमबाट ध्वस्त पारी सर्वहारा वर्गको नेतृत्वमा गठन हुने नयाँ राज्यसत्ता अथवा संयन्त्र नै साँचो अर्थमा कम्युनिष्ट राज्यसत्ता हुन्छ । त्यसको विधि र प्रक्रियाबाट बन्ने सरकार कम्युनिष्ट सरकार हुन्छ । उसको आफ्नै भिजन हुन्छ । आफ्नै नीति सिद्धान्त हुन्छ , आफ्नै रणनीतिक, कार्यनीतिक कार्ययोजनाहरू हुन्छन् ।

सिद्धान्त अनुरूपको आफ्नै लक्ष्य उदेश्य हुन्छ । उसको आफ्नै राष्ट्र र जनता प्रतिको जिम्मेदारी र जवाफदेहिता हुन्छ । राष्ट्र राष्ट्रियताको रक्षा गर्ने, जनतन्त्र जनजीविकाको ग्यारेण्टी गर्ने, राष्ट्रको सम्बृद्धि र उत्तरोत्तर विकास गर्ने आफ्नै नीति, विधि र योजनाहरू हुन्छन् । आफ्नो मार्ग निर्देशक सिद्धान्त र विचारका आधारमा व्यापक शोषित उत्पीडित जनताको सहभागिता व्यापक जनशक्तिको परिचालन र वैज्ञानिक कार्ययोजनाको माध्यमबाट मुलुकको र्सवाङ्गीण विकासमा जोड दिन्छ । कम्युनिष्ट सरकारले जनताको शक्तिलाई निर्णायक शक्ति मान्दै राष्ट्र निर्माणमा सहभागी गराउँछ । बेरोजगारीको पीडाले भौतारिएर कसैलाई विदेशका गल्ली धाउनु पर्दैन । गरीब र कङ्गालको देश भनेर मुलुकले बदनाम भोग्नु पर्दैन । वास्तविक कम्युनिष्ट सरकार भएको मुलुकमा राष्ट्रघात र जनघात गर्ने भ्रष्टाचार र कमिशन खाने तत्वहरूले छुट पाउँदैन ।

जल, जमिन, जंगल, जनशक्ति ओसार पसार गर्ने माफियाहरूले नै अहिले जस्तो संरक्षण र छुट पाएका छन् । त्यहाँ जनवादी केन्द्रीयता हुन्छ । वर्ग विभेदको अन्त्य हुन्छ । त्यहाँ योग्यता र क्षमता अनुसारको काम र काम अनुसारको दामको व्यवस्था हुन्छ । त्यहाँ सबै जातजाति, लिङ्ग क्षेत्र वर्ग तथा समुदायको हक अधिकारहरू सुनिश्चित गरिन्छ । त्यहाँ वृद्धदेखि बालक सबैको उचित व्यवस्थापन र भरणपोषणका साथै जीवनको सुरक्षा हुन्छ । कम्युनिष्ट व्यवस्थामा बहुसंख्यले शासन गर्दछन् । त्यहाँ समाज विकासको प्रकृयासँगै वर्ग र सत्ताको पनि विलोप हुन्छ । वास्तवमा कम्युनिष्ट शासन व्यवस्था भनेको वर्गविहीन शासन व्यवस्था हो ।

उपरोक्त विश्लेषणबाट हामीले के निष्कर्ष निकाल्न सक्छौ भने वर्तमान सरकार कम्युनिष्ट सरकार होइन । यो कम्युनिष्ट झण्डाभित्र लुकेको क्रान्तिको धोकेबाज दक्षिणपंथी संशोधनवादी तथा विविधखाले अवसरवादी दलाल र गद्दारहरूको सरकार हो । यो सामाजिक फासिवादीहरूको सरकार हो । यसको भ्रममा नपरौ । कथित वाम र कम्युनिष्ट सरकार भन्ने भ्रमबाट मुक्त होऔं र उसको राष्ट्रघात र जनघातको भण्डाफोर गरौं । नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढौ । यसैमा हामी सबैको भविष्य सुनिश्चित छ ।

## नेकपा...

विषयमा पनि गम्भीर प्रकारको मतभेदहरू छन् । २०६३ साल फागुन २६-३० गते सम्पन्न नेकपा (मसाल)को सातौं महाधिवेशनद्वारा पारित प्रस्तावनामा भनिएको छ 'एमाले र माओवादी दुवै निम्न पुँजीवादीवर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू हुन् ।' नेकपा (मसाल)को यो अवधारणा अहिले पनि यथावत छ र अहिलेको ओली-प्रचण्डले नेतृत्व गरेको नेकपालाई पनि निम्न पुँजीवादीवर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलको रूपमा हेर्दछ । तर नेकपा (क्रान्तिकारी माओवादी)को ०७४ असोजमा सम्पन्न राष्ट्रिय सम्मेलनद्वारा पारित राजनीतिक प्रस्तावमा भनिएको छ 'यो पाँच वटै पार्टी (राप्रपा, ने.कां., एमाले, नयाँ शक्ति र माके)ले दलाल एवं नोकरशाही पुँजीपति तथा सामन्त वर्गीय राज्यसत्ता, प्रतिगामी संविधान, साम्राज्यवादी भूमण्डलीकरण, उदारीकरण र निजीकरणलाई स्वीकार गर्दछन् । यी सबै साम्राज्यवाद/विस्तारवादद्वारा निर्देशित र परिचालित रहेका छन् । यिनका बीचमा रूप र मात्रामा केही अन्तर भए पनि सार र गुणमा यिनले दलाल नोकरशाही पुँजीपति तथा सामन्तवर्गको प्रतिनिधित्व गर्दछन् । पृ.२२ यसरी ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले कुन वर्गको प्रतिनिधित्वव गर्दछ भन्ने विषयमा गम्भीर प्रकारको मतभेद भएको कुरा प्रष्ट छ ।

कुन राजनीतिक पार्टीले कुन वर्गको प्रतिनिधित्व गर्दछ भन्ने कुरा के को आधारमा निश्चित गर्ने ? यसको मुख्य आधार भनेको राज्यसत्तासँग राजनीतिक पार्टीको सम्बन्ध कस्तो छ भन्ने नै हो । कुन पार्टीमा कुनवर्गका मानिसहरू बढी छन्, त्यसको आधारमा कुन राजनीतिक पार्टीले कुन वर्गको प्रतिनिधित्व गर्दछ भन्ने कुराको निर्क्यौल गर्नु पर्दछ भन्ने विचारहरू पनि पाइन्छ । तर यस प्रकारको विचारहरू गलत छन् र पार्टीको नीति, कार्यक्रम र व्यवहारको आधारमा अर्का शब्दमा राज्यसत्तासँगको सम्बन्धको आधारमा हामीले कुन पार्टीले कुन वर्गको प्रतिनिधित्व गर्दछ भन्ने कुरा ठहर गर्नु पर्दछ । सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीले मात्र सर्वहारावर्गको प्रतिनिधित्व गर्दछ । मार्क्सवादका आधारभूत सिद्धान्तहरूबाट च्यूट भएका पार्टीले सर्वहारावर्गको प्रतिनिधित्व गर्न सक्दैन । पञ्चायतकालमा तत्कालीन माले अहिलेको एमालेले मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई छोडिसकेको भए पनि पञ्चायती व्यवस्था र राजतन्त्रको विरुद्ध संघर्षरत थियो । त्यतिबेलाको राज्यसत्ता सामन्त तथा दलाल नोकरशाही पुँजीपतिवर्गको हातमा थियो र त्यो राज्यसत्ताको रक्षा र सञ्चालन मूलतः राजाबाट हुन्थ्यो । त्यतिबेला सामन्त दलाल तथा नोकरशाही पुँजीपतिवर्गको राज्यसत्ताको विरुद्ध एमाले भएकाले निम्न पुँजीवादीवर्गको प्रतिनिधित्व गर्दछ भन्दा सही नै हुन्थ्यो । ०४६ सालपछि बहुदलीय संसदीय व्यवस्था आयो र राजतन्त्र पनि कायमै रह्यो । एमालेले ०४७ सालमा जारी भएको संविधानमा २७ वटा बुँदाहरूमा मतभेद राखेका थिए । ०४६ सालदेखि ०६३ सालसम्ममा निम्न पुँजीवादी चरित्रमा धेरै ह्रास आइएको भए पनि नेकपा (एमाले) कुनै न कुनै रूपमा राजतन्त्रको विरुद्धमा थियो । यद्यपि यसका कतिपय नेताहरू राजतन्त्रको पक्षमा देखिन्थे । त्यस प्रकारको पृष्ठभूमिमा नेकपा (एमाले)लाई निम्न पुँजीवादीवर्गको प्रतिनिधित्व गर्दछ भन्दा खासै फरक पर्दैनथ्यो । तर अब परिस्थिति बदलिएको छ । अहिलेको राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको राज्यसत्ता नै हो । त्यो राज्यसत्ताको रक्षा गर्ने दस्तावेजको रूपमा अहिलेको संविधान आएको छ । यो संविधानलाई ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले संसारको उत्कृष्ट संविधान भनिरहेको छ । त्यसको रक्षा र विकासमा जोड दिइरहेको छ । क्रान्तिकारी भूमिसुधारको कुराबाट भागिसकेको छ । मजदुरवर्गको हितमा कुनै काम गरेको छैन । बरु 'नो वर्क नो पे'को व्यवस्था लागू गरेको छ । साम्राज्यवादी नीतिहरू भूमण्डलीकरण उदारीकरण र निजीकरणलाई अगाडि बढाइरहेको छ । महाकाली सन्धि, विप्पा सम्झौता, अप्पर कर्णाली, अरुण तेस्रो जस्ता राष्ट्रघाती सन्धिसम्झौता गर्ने पनि यही नेकपा नै हो । सारमा यो पार्टी दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको राज्यसत्ताको रक्षाकवच बनिरहेको छ । यसप्रकारको चरित्र भएको पार्टीलाई निम्न पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दल मान्नु गलत भएको छ । नयाँ जनवादी क्रान्ति गर्ने क्रममा मुख्य बाधकको रूपमा आउने यी शक्तिहरू नै हुन् । किनभने बलप्रयोगद्वारा मात्र नयाँ जनवादी क्रान्ति सम्पन्न हुन सक्छ । त्यो बेला क्रान्तिकारी शक्तिहरूमाथि दमन गर्ने शक्ति भनेका अहिलेका संविधानका पक्षधरहरू नै हुनेछन् । ओली-प्रचण्डले नेतृत्व गरेको नेकपाले नै क्रान्तिकारीहरूमाथि दमन गर्नेछन् । त्यसकारण ओली-प्रचण्डले नेतृत्व गरेको नेकपालाई निम्न पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने शक्ति देख्नु गलत राजनीतिक विश्लेषण हो ।

## अब...

समस्याको समाधान वर्तमान ओली सरकारले गर्न सक्दैन । त्यसका वास्तविका समाधान दिन क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिको प्रक्रियाबाट दिन सक्छ । ओलीले भट्याउँदै आएको 'समृद्ध नेपाल सुखी नेपाली' नारा अब जनताले पत्याउन छाडिसके । त्यसलाई जनताले ओलीको हावादारी कुरा भन्न थालिसके ।'

जनताको आन्दोलनलाई कसैले रोक्न नसक्ने भन्दै महासचिव किरणले निषेधाज्ञा जारी गरेर, कफ्र्यु लगाएर, गोली चलाएर जनता मारेर पनि आन्दोलनलाई रोक्न सकिन्न भन्ने कुरा त कञ्चनपुर हत्याकाण्डले देखाएको बताए । उनले भने, "आन्दोलन कसैले रोक्न सक्दैन । ओलीजीको बल्ल अलि अलि होश खुल्न थालेको छ ।"

मजदुर संगठनका फ्र्याक्सन इन्चार्ज समेत रहेका पार्टी पिविएम दिनेश शर्मा सागरको विशेष उपस्थिति रहेको बैठक आइतबार साँझ समापन हुने बताइएको छ ।

## जाँचबुझ...

हालसम्म निवेदनको कुनै मौखिक तथा लिखित रुपमा कुनै जवाफ दिइएको छैन । मन्त्री थापाको यस्तो व्यवहारले एकातिर सर्वोच्च अदालतको आदेशको ठाडो अवहेलना गरेको देखिन्छ भने अर्कोतिर मौलाउँदै गएको दण्डहिनता ।

यस पृष्ठभूमिमा पूर्व न्यायाधिश मोहन रमण भट्टराईको अध्यक्षतामा बनेको पाँच सदस्यीय जाँचबुझ आयोगले पनि सर्वोच्च अदालतको आदेशको कार्यान्वयनतर्फ ध्यान नदिएको देखिन्छ । र, परिषद्का सचिव भट्टलाई जानकारी र सोधपुछ नै नगरी परिषद्का काजगातहरु झिकाइएका छन् ।

परिषद्को ऐन, नियमावली र कर्मचारी सेवा शर्त नियमावलीका अनुसार परिषद्मा हुने भ्रष्टाचार तथा अनियमिततामा सदस्य सचिवलगायत अध्यक्ष तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री, परिषद्का उपाध्यक्ष र कोषाध्यक्ष लगायत अन्य कर्मचारीसमेतको उतिकै हात हुन्छ । हाम्रो न्यूज व्यूरोलाई परिषद् स्रोतबाट प्राप्त सूचना एवम् केही प्रामाणिक काजजात हेर्ने हो भने मन्त्रीदेखि उपाध्य र कोषाध्यक्षले पनि आफ्नो अख्तियारको दुरुपयोग गरेको पाइएको छ ।

परिषद्को नियमावली अनुसार दोहोरो सुविधा लिन नपाउने व्यवस्था हुँदा हुँदै पनि माननीय मन्त्री थममाया थापाले मन्त्रालयबाट तीनवटा गाडी र परिषद्बाट एउटा गाडी, चालक र इन्धन सुविधा लिएकी छन् । यतिमात्र नभएर असल छिमेकी संस्थाको टोवेटा हाइलेक्स गाडी मन्त्रालयमा लिएकी छन् । परिषद्बाट विभिन्न मितिमा ७०५ लिटर डिजल लिएको देखिन्छ । परिषद्का एक कर्मचारीका अनुसार यो मन्त्री थापाको ठाडै गैरकानुनी कार्य हो ।

भृकुटीमण्डप सञ्चालक समितिको कार्यालय स्रोत अनुसार परिषद् अन्तर्गतको राष्ट्रिय स्वास्थ्य कोषका सभापति अदित खड्का चार महिना विदा स्वकीकृति तथा वेतलवी विदा नलिई अमेरिका बसेर आएका अदित खड्काले आफ्नो र कोषकै सचिवको संयुक्त दस्तखतबाट चल्ने खाताको पैसा झिकी डेढ लाख रुपैयाँ खाएकोबारे जानकारी हुँदा हुँदै पनि मन्त्री थापाले कोषका सचिवलाई संरक्षण गरी राखेको पनि पाइएको छ ।

यी उल्लेखित विवरण अख्तियारको दुरुपयोग गरिएका केही विवरण मात्र हुन् । अख्तियार दुरुपयोग गरिएका यस्ता धेरै तथ्यहरु प्राप्त भएका छन् । आगामी अंकमा हामी क्रमशः उजागर गर्दै जानेछौं । यस्तो पृष्ठभूमिमा जाँचबुझ आयोगले गरेको छानविन निष्पक्ष हुनेमा आशंका उठ्नु स्वभाविक देखिन्छ ।

त्यसैगरी, ६ लाख रुपैयाँ लिएर गोल्डेन ह्याण्डसेक पाएकी खरिदार बालिका थापालाई परिषद्का उपाध्यक्ष निलमणि बरालले पुनः परिषद्मा खरिदारको जागिर खुवाई आफ्नै पिएमा राखेका छन् । विभिन्न संघ संस्था स्रोतका अनुसार बराल आफै पनि परिषद्बाट स्वीकृति नै नलिई संस्थाको अनुगमनमा हिड्ने गरेका छन् ।

परिषद्का कोषाध्यक्ष वीरबहादुर ठगुन्नाले पनि आफै छोरी ज्वाईंलाई परिषद्मा जागिर खुवाएका छन् । हेल्प डेस्कमा काम गर्ने गरी नियुक्त गरिएका ज्वाईलाई भृकुटीमण्डप स्थित जेष्ठ नागरिक कोषमा स्थानान्तरण गरेका छन् ।

यी उल्लेखित विवरणले अख्तियार दुरुपयोग गर्नेहरुमा मन्त्री थापा, उपाध्यक्ष बराल र कोषाध्यक्षलाई पनि त्यतिकै जिम्मेवार देखाएको छ । यस पृष्ठभूमिमा जाँचबुझ आयोगले परिषद्को भ्रष्टाचार र अनियमितताामाथि छानविन गर्ने क्रममा सबै पदाधिकारीदेखि कर्मचारीसम्मको तहको निष्पक्ष छानविन गर्न जरुरी छ । ताकि दोषी नउम्कियोस्, निर्दोषले सजाय नपाओस् ।

# पत्रकार पाण्डेमाथि भएको आक्रमणको सर्वत्र विरोध

नवलपरासी । नेपाल पत्रकार महासंघ नवलपरासीका सदस्य तथा स्थानीयपत्र साप्ताहिकका पत्रकार रवि पाण्डेमाथि भएको कुटपिटको सर्वत्र आलोचना भएको छ । पश्चिम नवलपरासीको बर्दघाट ४ दिब्यनगर घर भएका पत्रकार पाण्डेमाथि स्थानीय पत्र साप्ताहिकमा ई रिक्साको दोहोरो कर सम्बन्धी समाचार लेखेको भन्दै भदौ ६ गते बर्दघाट बजारको पुरानो चौकी अगाडि कुटपिट भएको थियो । कुटपिट तथा दुर्व्यवहारका बिरुद्ध पत्रकार पाण्डेले नेपाल पत्रकार महासंघ नवलपरासीको अगुवाई एंवम् नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य पुरुषोतम सुवेदीको रोहवरमा भदौ ८ गते किटानी जाहेरी दिएका थिए । बर्दघाटीस्थित बसपार्क ब्यवस्थापनको नाममा ई रिक्सा चालकहरूलाई लिइएको कर बिरुद्ध ई रिक्सा चालकहरूले गुनासो गरेपछि पत्रकार पाण्डेले सो गुनासोको समाचार स्थानीय पत्रमा प्रकाशित गरेका थिए ।

सो पत्रिकाका प्रकाशक समेत रहेका पाण्डेलाई सार्वजनिक स्थलमा गालीगलौज गर्दै ठेकेदार पक्षका भेषराज पुन र बिश्वबन्धु पोखरेल सहितकाले कुटपिट गरेका थिए । त्यसपछि दोहोरो कर तथा पत्रकार माथिको सांघातिक आक्रमणको बिरुद्ध बिभिन्न क्षेत्रबाट निन्दा गर्ने क्रम जारी रहेको छ । त्यसमा बिरुद्ध नेपाल पत्रकार महासंघ केन्द्रीय समिति, जिल्ला शाखा नवलपरासी, क्रान्तिकारी पत्रकार महासंघ केन्द्रीय समिति तथा जिल्ला शाखा नवलपरासी बर्दघाट संचार कल्ब लगायतले घटनाको घोर निन्दा एंवम् भर्त्सना गरेका छन् । उनीहरूले छुटटाछुट्टै बिज्ञप्ति जारी गर्दै दोषी उपर कानुनी कारवाहीको माग गरेका छन् । त्यस्तै नेपाली काग्रेस बर्दघाट नगर कार्यसमिति सभापति शम्भुलाल श्रेष्ठले पत्रकारमाथि कुटपिट हुनु दुखद एंव निन्दनीय रहेको उल्लेख गर्दै दोषी उपर कडा कारवाहीको माग गरेका थिए ।

# सुस्तामा पुनः भारतीय हस्तक्षेप

नवलपरासी । सुस्ताको विवादित भूमिमा भारतीय पक्षले हस्तक्षेप गरी सडक बिस्तार गर्न खोजेपछि नेपाली पक्षले बाटो विस्तारमा रोक लगाएका छन् । विवादित भूमि मानिएको क्षेत्रमा भारतीय पक्षले सडक बिस्तार गर्न खोजेपछि नेपाली पक्षले सो बाटो बिस्तारमा रोक लगाउन खोजेपछि विवाद सिर्जना भएको हो ।

विसं २०६४ मा नेपाल र भारतका उच्च अधिकारीबीच सुस्ताको विवादित भूमिमा दुवै पक्षबाट कुनै पनि सडक बिस्तार, खेती गर्नेलगायतका काम नगर्ने सहमति भएको थियो । यद्यपि पछिल्लो पटक सुस्ताको विवादित भूमिमा भारतीय पक्षबाट सडक बिस्तार गर्न खोजिएको सुस्ता बचाउ अभियानका उपाध्यक्ष आदम खाँले जानकारी दिए । खाँका अनुसार भारतीय पक्षले विवादित भूमिमा सडक बिस्तार गर्न खोज्दा नेपाली पक्षले उक्त कार्य रोक्न खोजेपछि सुस्ता आउने सडक सञ्जालमा खाल्टो खनेर भारतीय पक्षले दुःख दिन थालेका छन् ।

सुस्ता पुग्नका लागि सहज रूपमा भारतीय भूमि हुँदै सुस्ता पुग्नुपर्ने बाध्यता छ । नेपाली भूमि हुँदै सुस्ता जान नारायणी नदीमा डुङ्गाको प्रयोग गर्नुपर्ने हुँदा वर्षाभर जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ ।यद्यपि भारतीय भूमि हुँदै सुस्ता पुग्न निकै सहज मानिन्छ । यतिबेला भारतीय पक्षले सो सडक सञ्जालमा खाल्टो खनेपछि सुस्तावासीलाई भारतीय भूमि हुँदै नेपालतर्फ आउने र भारतीय भूमि हुँदै सुस्ता जानसमेत निकै समस्या छ ।

भारतीय पक्षले विवादित भूमिमा सडक बिस्तार गर्न खोज्दा पछिल्लो पटक सुस्तावासीलाई समस्या भएको सुस्ता गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेले बताए । पटक पटक सुस्ताको भूमिको विषयलाई लिएर नेपाल र भारतीय पक्षबीच विवाद सिर्जना भएपछि २०६४ सालमा तत्कालीन रूपमा दुवै पक्षका उच्च अधिकारीहरूबीच सुस्ताको विवादित भूमिमा दुवै पक्षबाट सडक बिस्तार, खेती गर्ने लगायतका काम दुवै पक्षबाट नगर्ने सहमति भएको थियो ।

यद्यपि अहिले भारतीय पक्षले भारतीय सुरक्षाकर्मीको आडमा भारतीयहरूले विवादित भूमिमा सडक बिस्तार गर्न खोज्दा भारतीय पक्षबाट सहमति उल्लघन गर्न खोजिएको संविधानसभाका पूर्वसदस्य देवकरण कलवारले जानकारी दिए । सङ्घीय संरचनाअनुसार सुस्ता गाउँ वर्तमान अवस्थामा प्रदेश नं ५ अन्तर्गत पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका अन्तर्गत वडा न ५ मा पर्दछ ।

# देजमो बर्दघाटले बुझायो २३ बुँदे मागपत्र

बर्दघाट । देशभक्त जनगणतान्त्रिक मोर्चा बर्दघाट नगर समितिले सोमबार अवैज्ञानिक रूपमा लिएको कर खारेजीलगायतका २३ बुँदें माग राख्दै बर्दघाट नगरपालिकालाई ज्ञापन पत्र बुझाएको छ । मोर्चाको कार्यालय हरियालीनगरबाट ऱ्यालीसहित निस्केको टोलीले नगर प्रमुख धीरज शर्मा बस्याल समक्ष ज्ञापन पत्र बुझाएको हो । मोर्चाका नगर संयोजक ज्ञानबहादुर केसीको नेतृत्वमा नगर कार्यालयमा पुगेको सो टोलीले अवैज्ञानिक कर खारेजी, ईरिक्सा चालकमाथि लगाइएको दोहोरो कर खारेजी एंवम् मृत्यदर्ता शुल्क खारेजी, कृषकहरूका लागि क्रेडिट कार्ड, बेरोजगार युवालाई स्वरोजगारको ब्यवस्थालगायतका माग राखिएको ज्ञापन पत्र प्रदान गरेको छ ।

देजमोको सो ज्ञापन पत्रमा सहज स्वास्थ्य उपचार, शिक्षामा निजीकरणको अन्त्य, महिला हिंसाको अन्त्य, बजार अनुगमन, कृषकहरूका लागि मलखाद र बीऊ लगायतका माग समेत रहेका छन् । ज्ञापनमा ती माग पूरा नभए सशक्त आन्दोलन गर्ने अवस्थाको सिर्जना नगर्न नगराउन समेत सचेत गराइएको छ ।

सो अवसरमा ज्ञापन पत्र बुझ्दै नगर प्रमुख बस्यालले नगरले गर्न सक्ने मागहरू यथासमयमा नै पूरा गर्ने र गर्न नसकिने मागहरूलाई माथिल्लो निकायमा पठाउने बताएका छन् । उनले त्यहाँ पुगेको टालीलाई आश्वस्त पार्दै आन्दोलनको अवस्था आउन नदिने प्रतिबद्धता पनि ब्यक्त गरेका छन् ।

# शिक्षक संगठनको १ नं. प्रदेशमा अध्यक्षमा उमानाथ ढकाल

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी) निकट शिक्षकहरुको एक भेलाले १ नम्बर प्रदेशको अखिल नेपाल शिक्षक संगठनको अध्यक्षमा उमानाथ ढकाललाई निर्वाचित गरेको छ । भेलाले उपाध्यक्षमा कल्याण बस्नेत, सचिवमा राजेन्द्र श्रेष्ठ, सहसचिवमा सुजता वन, कोषध्यक्षमा नेत्रप्रसाद चौलागाई र सदस्यहरुमा विद्या खनाल, टिकाराम दाहाल, यादव अधिकारी, बलराम थपलिया, उत्तम रिजाल, भवानी पौडेल, निर्माणुकमार कार्की, चण्डिका पाहाडी, तुलाराम बास्तोला, गोमाकुमारी थापा, अर्जुन बस्नेत, रवीना तिम्सिना, गोपाल गिरीलगायत रहेका छन् । भेलामा क्रान्तिकारी माओवादीका १ नम्बर प्रदेश कार्यवाहक सचिव नगेन्द्र राई, अखिल क्रान्तिकारी १ नम्बर प्रदेश संयोजक ज्ञानु खतिवडालगायतको उपस्थिति रहेको थियो ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानुपुर
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म


काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९१
- ९८१७७११६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११८३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

संसदीय गफ :

# कुरा मीठा तर काम भने रफ



• घननाथ सापकोटा

मैले अलिअलि राजनीतिमा चासो लिन थालेपछि क. माओको 'संसद फटाहाहरूको गफ गर्ने अखडा हो' भन्ने दृष्टान्त सुन्दै र पढ्दै आएको हुँ । पहिला मलाई लागेको थियो- त्यति ठूलो संसद, ठूलाठूला विद्वान नेताहरू, जनताबाट चुनिएर वा जनताको मत पाएर सिङ्गो देशको निम्ति नियम निर्माण गर्ने ठाउँमा पुगेका । संसदमा गएका मान्छेहरूको लवाईखवाई पनि भी.आई.पी, उच्चस्तरको सुरक्षा व्यवस्था, महङ्गा गाडीको सवार, सिंगारिएको संसद हल र सोहिअनुसारका मेच, टेवल आदि । यस्ता ठाउँमा बसेर बहस छलफल गर्ने मान्छेहरू कसरी फटाहा होलान् ?

यस्ता कुराले मेरो मनमा द्वन्द्व पैदा भइरहेको थियो । माओले कसरी संसदलाई फटाहहरूको गफ गर्ने अखडा भनेका होलान् जस्तो लागेको थियो । क्रान्ति नायक, दार्शनिक विचारकहरूको विश्लेषण किन गलत ठहर्दथ्यो ? २०४६ सालपछि देशमा प्रजातन्त्र आयो भनेर भनियो । चुनाव पनि गरियो । संसद गठन भयो । संसद भवनमा संसदको बैठक समयसमयमा बस्नुका साथै छलफल हुन थाल्यो ।

सञ्चार माध्यमबाट संसदमा छलफल भएका विषयहरू हामी जनताले थाह पाउन सहयोग भयो । संसदमा साँच्चै देशलाई स्वाधीन, समुन्नत तथा नेपाली जनतालाई गास, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारको सुनिश्चितता होइन कि यसको विपरीत निम्न विषयमा छलफल भएको कुरा छर्लङ्ग देख्न पाइयो ।

संसदमा सांसदहरूले यी कुराहरू गर्ने गरेका छन् । संसद बैठक सुरु भएपछि सर्वप्रथम जनताको रगत पसिनाबाट जम्मा भएको ढुकुटीबाट विभिन्न शीर्षक खडा गरेर आफ्नो सेवासुविधामा भारी वृद्धि गरे, पुरुष सांसदहरूले पनि सुत्केरी भत्ता समेत लिएर माने गरेका छन् । चुनावताका साहुमहाजन व्यवसायीहरूबाट भारी मात्रमा चन्दा लिए र चुनावपछि उनीहरूलाई सकेजति महङ्गी बढाउन छुट दिने गरेका छन् । अर्को पटक चुनाव जित्न प्रत्येक सांसदले राष्ट्रिय ढुकुटीबाट विकास रकमको नाउँमा भारी रकम छुट्याएर आफ्ना चुल्ठे-मुन्द्रे कार्यकर्ता पोस्ने गरेका छन् ।

नेपाली जनताले जीवनजल र सिटामोल नपाई राखेको अवस्थामा नेताहरू सामान्य ज्वरो आउँदा र टाउको दुख्दा राज्यको करोडौं करोड रूपैंया स्वाहा पार्दै विदेश भ्रमण गरेर रातो पार्सपोर्ट लाजै नमानी बेच्ने गरेका छन् । कमिशनको खेलमा लोडसेडिङ सिर्जना गरेर देशलाई अन्धकारमा राखी विजुली बेच्ने तस्करी धन्दामा प्रत्यक्ष अप्रत्यक्ष सहभागी हुने गरेका छन् ।

देशमा प्राकृतिक प्रकोपबाट भएको क्षतिमा मलम लगाउन विदेशबाट आएको राहत आफ्नो झोलामा हालेर लाने गरेका छन् । जनताको टाउकोमा कर थपेर जनतालाई ढाड सेकाउने गरेका छन् । देशमा भएका सबै उद्योगधन्दाहरू निजीकरणको नाउँमा सबै विदेशी दलालहरूलाई बुझाएका छन् । देशका प्राकृतिक स्रोतसाधन, खोला, ताल, नदीहरू सबै विदेशीलाई बुझाएका छन् । यो वा त्यो बाहनामा कहीँ न कहीँ आफू भ्रष्टचारमा जोडिने र भ्रष्टचारीहरूलाई राज्यको तर्फबाट संरक्षण गर्ने गरेका छन् ।

पदमा पुगेको बेला नातावाद र कृपावाद गर्दै आफ्ना मान्छेलाई पदमा पुर्‍याएका छन् । आफ्ना समस्यालाई लिएर अधिकार माग्ने जनतालाई गोलीले भुटेर आफैले नियमकानुनको डण्डा देखाए । देशमा गुण्डा दलालहरूलाई संरक्षण गरेर जनतालाई दुख दिने गरेका छन् । कुर्ची तथा पदका लागि देशको राष्ट्रियतालाई दाउँमा राख्ने गरेका छन् । राज्यशक्तिको दुरूपयोग गरेर चुनाव हारे पनि मतपत्र च्यातेरै फेरि चुनाव गराई जित्ने गरेका छन् ।

समानुपातिक र समावेशी कानुनको दुरूपयोग गरेर आफ्नो परिवार, नाता र आफ्ना पक्षलाई पदमा पुर्‍याएका छन् । नेपाली जनता एक पेट खान र एक सरो कपडा लगाउन पाएका छैनन्, शासकहरू राष्ट्रिय ढुकुटीमा ब्रह्मलुट मच्चाएर विलाशी जीवन बिताउने गरेका छन् । देशमा सबै युवायुवतीलाई विदेश पलायन हुन बाध्य बनाएर रेमिट्यान्स लिएर ऐयासी बन्ने गरेका छन् ।

तर यी बाहेक संसदमा निम्न विषयमा कहिल्यै पनि छलफल भएन । दलालद्वारा भारतको विभिन्न कोठीमा पुर्‍याइएका छोरी चेलीबेटी र दलालद्वारा नै रोजगारको नाममा खाडी पुर्‍याइएका महिलाहरूलाई देश फर्काएर पुर्नःस्थापना तथा रोजगार सृजना गर्ने विषयमा कुनै ठोस कदम चालिएन । शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा नेपाली जनताको पहुँचभित्र ल्याउने विषयमा पहल नै भएको छैन ।

भारतद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता गर्ने विषयमा कुनै कदम चालिएको छैन । अन्तर्राष्ट्रिय कानुन मिचेर, सिमानामा बाँध बाँधेर नेपाली भूमि डुबानमा पार्ने भारतलाई उक्त कार्य रोक्ने विषयमा शासकहरूको चासो नै छैन । भारतीय सुरक्षाकर्मीले नेपालीलाई गर्ने हत्या गर्न रोक्न र भारतबाट मजदुरी गरेर फर्केका नेपालीहरू सिमानामा भारतीयबाट लुटिन रोक्ने सवालमा प्रभावकारी कदम नै चालिएको छैन ।

महङ्गी रोक्न र देशलाई भ्रष्टचारमुक्त बनाउने कुरामा कुनै पहल गरिएको छैन । खेतबारीमा जथाभावी विषादी प्रयोगमा रोक लगाएर वातावरण स्वच्छ र सफा राख्न कुनै कार्यक्रम पनि ल्याइएको छैन । दलाल (बिचौलिया) प्रथा रोक्न कुनै सोच नै बनाइएको छैन । जनताको उपभोग्य वस्तुको दरभाउ (मूल्य निर्धारण) गरिएकै छैन । देशमा आफ्नै लगानीबाट उद्योगधन्दाहरू निर्माण गरेर रोजगार श्रृजना गर्ने र राष्ट्रिय उद्योगधन्दाको संरक्षण तथा संवर्द्धन गर्न कुनै कदम चालिएको छैन ।

माथि उल्लेखित कारणले दाबीका साथ भन्न सकिन्छ, असफल संसदीय व्यवस्था फटाहहरूको गफ गर्ने अखडा हो । बाहिर जनताको बीचमा एउटा कुरा गर्ने चुनावतामा जनतामा भोट बटुल्न हामी देशलाई सिंगापुर बनाउँछौ भन्ने, तर देशको हालत यस्तो छ, सिंगापुर होइन कि सिंगानपुर बनाएका छन् । दुर्गम क्षेत्रमा सबै तुइन हटाएर झोलुङ्गे पुल बनाउँछौ भने तर दुर्गममा जनता तुइनबाट जोखिमपूर्ण यात्रा गर्न विवश छन् । जेष्ठ नागरिकलाई ६० बर्षबाटै मासिक रु. ५,०००।- सामाजिक भत्ता दिन्छौ भने आखिर दिएनन् ।

यस्तै यस्तै सम्पूर्ण विषयमा झुटको खेती गर्ने संसदभित्र गएर जनविरोधी भ्रष्टचार, दलाल, राष्ट्रघात, जनघातको नीति नियमहरू पास गर्ने यसकारण संसदलाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो भनेर लेलिनले भन्नुभएको छ । जुन नेपालको असफल संसदीय व्यवस्था अन्तर्गतमा संसदको चरित्र सत प्रतिशत सही ठहरिन आएको हो ।

यसकारण पनि नेपाली जनताको रगत पसिना चुस्ने संसदीय व्यवस्थालाई ध्वस्त पारेर जनवादी समाजवादी व्यवस्था स्थापना गर्न अनिवार्य बनेको छ ।

# निर्मला हत्या प्रकरणमा क्रान्तिकारी माओवादी कञ्चनपुरको ध्यानाकर्षण

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) कञ्चनपुरले एक विज्ञप्ति जारी गरी १३ वर्षिया बालिका निर्मला पन्तको बलात्कारपछि गरिएको विभत्स हत्याकाण्डका दोषीको हालसम्म पहिचान नगरिएकोमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । उल्टै छिटोभन्दा छिटो खोजविन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै विरोधमा उत्रिएका स्थानीय सर्वसाधरण जनतहरूमाथि गोली हानी सातजना निर्दोष जनतालाई गम्भीर घाइते बनाएपछि पार्टीको ध्यान गहिरिँदै गएको पनि बताएको छ ।



१३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि गरिएको विभत्स हत्याको अभियुक्त भनेर नक्कली अभियुक्त खडा गरेकोमा स्थानीयवासीहरूले २८ औं दिनसम्म पनि विरोध प्रदर्शनका कार्यक्रम जारी राखेका छन् । त्यहाँको प्रशासनले बलात्कारी र हत्यारा भनी मानसिक सन्तुलन नभएका एक स्थानीय दिलिपसिंह बिष्टलाई खडा गरेपछि विरोध प्रदर्शनले उग्ररूप लिएको हो ।

क्रान्तिकारी माओवादी कञ्चनपुरका सेक्रेटरी विक्रान्तको हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- '२०७५ साउन १० गतेका दिन कन्चनपुर जिल्ला भीमदत्त नगरपालिका-२ महोलियास्थित स्थानीय उच्च माध्यमिक विद्यालय कक्षा ८ मा अध्ययनरत छात्रा निर्मला पन्तको बलात्कारपछि विभत्स शैलीबाट गरिएको हत्यालाई लिएर आज अट्ठाइँसौं दिनमा पनि आम सर्वसाधरण फिल्डमा उत्रन बाध्य भएका छन् । वास्तविक दोषी पत्ता लगाई सार्वजनिक गर्नुको सट्टा प्रहरी प्रशासनले मानसिक सन्तुलन गुमाएका दिलिपसिंह बिस्टलाई जबर्जस्त रूपमा बोलकबोल गराई सार्वजनिक गर्नुले घटना थप रहस्यमयी बन्दै गएको छ ।'

प्रहरी प्रशासन नै गम्भीर रूपमा यस मामलामा मुछिंदै गएपछि स्थानीय जनता थप आक्राशित भएका छन् । जनताका अनुसार प्रशासनले दोषीलाई बचाउन र पीडितलाई न्याय नदिन ठूलो चलखेल गरिरहको र बलात्कार तथा हत्याको घटनामा उपल्लो तहको वा ठूलै मान्छे रहेको आशंका पनि गरिरहेका छन् । विज्ञप्तिमा थप भनिएको छ- ' प्रहरी प्रशासनको यो लज्जास्पद तथा घृणित कार्यले सिंगो प्रहरी प्रशासनप्रति गम्भीर प्रश्न चिन्ह खडा गरेको छ । हत्यारालाई सार्वनिक गर्न दबाब दिन उठेको न्यायिक आन्दोलनकारीमाथि अश्रुग्याँस प्रहार गर्ने, धरपकड र लाठी चार्जगर्ने र गोली बर्षाउने जस्ता गलत क्रियाकलापप्रति हाम्रो पार्टीको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ । यस्तो व्यवहारले राज्यपक्ष कति निरीह, कमजोर र लाचारी छ भन्ने कुरा प्रस्ट भएको छ । दोषी पत्ता लगाउनुको सट्टा उल्टै आम जनतामाथि गरिएको दमनको घोर भर्त्सना गर्दछौं ।'

त्यसैगरी विज्ञप्तिको अन्त्यमा भनिएको छ- 'विभिन्न तह र तप्काबाट यो न्यायिक आन्दोलनमा सहभागी हुन आएका सबैलाई हार्दिक धन्यवाद दिंदै यो न्यायपूर्ण आन्दोलनमा हामी र हाम्रो पार्टीको ऐक्यबद्धताका साथै सदा साथ रहने जानकारी गराउँदछौं ।'

त्यसै गरी कञ्चनपुर जिल्लाको अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) ले एक विज्ञप्ति जारी गरी प्रहरी हस्तक्षेपको घोर भर्त्सना गर्दै दोषीमाथि कारबाहीको माग गरेको छ । विद्यार्थी संयोजक रामबहादुर महतराद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- निर्मला पन्तको हत्यारा पत्ता लगाउनु त कहाँ हो कहाँ उल्टै सर्वसाधारणलाई गोली हान्ने प्रशासन दोषीको रक्षक र जनता र पीडितको विरुद्धमा उत्रिएको छ ।'

यदि प्रशासनले यस्तो कुरा जारी राखेमा यो जनताका लागि र विद्यार्थीका लागि सैह्य नभएको भन्दै यसका लागि जनताका साथमा आफूहरू रहने बताइएको छ ।

## हार्दिक श्रद्धाञ्जली



महेन्द्र विन्देश्वरी क्याम्पस, राजविराजको व्यवस्थापन संकायमा अध्यापनरतत उपप्राध्यापक राजेन्द्र प्रसाद कर्णको हालै भएको असामयिक निधनप्रति हाम्रो संगठन दुःखित भएको छ । संगठन उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ । साथै शोकको यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछ ।

**नेपाल राष्ट्रिय प्राध्यापक संगठन**
केन्द्रीय समिति










**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।